राष्ट्रिय 'क' वर्गको पत्रिका

नेपाल सम्वत् ११४६
भदौ शुक्ल चतुर्थी

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

राष्ट्रिय दैनिक

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

२०x३० साईज कलर मेशिन
१९x२५ साईज कलर मेशिन
ब्यानर/बोर्ड प्रिन्ट
१२x१८ साईज डिजिटल कलर प्रिन्ट
सेल्फ छाप
स्क्रिन प्रिन्ट
ID, डोरी प्रिन्ट
टिसर्ट, कप प्रिन्ट
मिसन अफसेट प्रेस (छापाखाना)
कोहलपुर-११, बाँके
9858023069, 9858040368, 9858043069

वर्ष : १७ | अंक ८२ | पृष्ठ ४+४ | मंगलबार ३० भदौ २०८३ | (TUESDAY 15 SEPTEMBER 2026) | मूल्य रु. १०

## नदी किनाराका बस्ती स्थानान्तरण गर्ने गरी विधेयक तयार



**मिसन संवाददाता**
*काठमाडौं, २९ भदौ*

सरकारले नदी किनाराका बस्तीहरूलाई स्थानान्तरण गर्न सक्ने व्यवस्था समेटिएको विधेयकको मस्यौदा तयार पारेको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बागमतीको नदी किनाराबाट सुकुम्वासी बस्ती हटाइएपछि उनीहरूको व्यवस्थापनका लागि सहज होस् भनेर विधेयकको मस्यौदा तयार पारेको हो।

तर भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा र नुवाकोटमा पुऱ्याएको क्षति पछि यस्तो विधेयक छिट्टै संसद्मार्फत् अघि बढाउने तयारी सरकारले गरेको हो।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले एक साताभित्रै विधेयक संसद्मा पुऱ्याउने गरि काम भइरहेको बताइन्।

'हामी एक साताभित्रै सदनमा यो विधेयक लैजाने तयारीका साथ काम गरिरहेका छौं,' रावलले भनिन्, 'बागमती नदी किनाराको बस्ती स्थानान्तरणको आवश्यकता देखेर विधेयक बनाएको भएपनि पछिल्लो घटनाक्रमले यसलाई तुरुन्तै अघि बढाउनुपर्ने देखिएको छ।'

विधेयकमा नदी किनार, तालतलैया, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र र सडकको मापदण्ड तथा अन्य जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई स्थानान्तरण गर्न सकिने व्यवस्था छ।

त्यस्तै जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई स्थातान्तरण गरि बसोबासको व्यवस्था मिलाउने व्यवस्था गरिएको छ। प्रस्तावित विधेयकले मालपोत र नक्सासम्बन्धी सेवा स्थानीय तहहरूलाई दिन सक्ने व्यवस्थासमेत प्रस्ताव गरेको छ।

मन्त्रालयले केही दिनअघि विधेयकमा सर्वसाधारणको राय सुझाव माग गरेको थियो। मन्त्रीपरिषद्बाट स्वीकृत भएपछि विधेयक संसद्मा दर्ता हुनेछ। प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएर राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयकले कानुनको हैसियत प्राप्त गर्नेछ।

## सार्वजनिक स्थलमा गुञ्जिएनन् तीजका भाका

मन्दिर परिसरमा घण्टी बजिरहेका थिए, धूपको सुगन्ध फैलिएको थियो । तर विगतका तीजमा जस्तो सहरका सार्वजनिक स्थलमा गीतका भाका भने गुञ्जिएनन् । स्थानीय धना कँडेलले भनिन्, 'तीज आयो, पूजा भयो । व्रत पनि बसियो, शिवालयमा दर्शन गरियो । तर उत्सव भने यसपटक केही संयमित रह्यो ।'

**नन्दराम जैशी**
*सुर्खेत, २९ भदौ*



बिहानैदेखि सुर्खेतका शिवालयहरूमा रातो, हरियो र पहेँलो पहिरनमा सजिएका महिलाको भीड थियो। कसैको हातमा पूजा सामग्री थियो, कसैको निधारमा रातो टीका। कोही शिव-पार्वतीको पूजा गर्दै थिए, कोही परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै थिए।

मन्दिर परिसरमा घण्टी बजिरहेका थिए, धूपको सुगन्ध फैलिएको थियो। तर विगतका तीजमा जस्तो सहरका सार्वजनिक स्थलमा गीतका भाका भने गुञ्जिएनन्। न त सुर्खेत खुलामञ्चमा महिलाको बाक्लो भीड थियो, न देउडाको घेरो। न माइकबाट तीजका गीत बजिरहेका थिए, न औपचारिक कार्यक्रममार्फत शुभकामना र भाषणको सिलसिला थियो।

स्थानीय धना कँडेलले भनिन्, 'तीज आयो, पूजा भयो। व्रत पनि बसियो, शिवालयमा दर्शन गरियो। तर उत्सव भने यसपटक केही संयमित रह्यो।' यसको पछाडि थियो, विपत्तिले छोडेको पीडा। गत भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति गराएपछि देश शोक र पीडामा छ। विपत्तिमा परेका परिवारको दुःखसँगै रमाइलो र भड्किलो उत्सव मनाउनु उपयुक्त नहुने भन्दै विभिन्न संघसंस्था तथा समूहले यस वर्ष तीजका सार्वजनिक कार्यक्रम स्थगित गरे।

त्यसको प्रत्यक्ष प्रभाव सुर्खेतमा पनि देखियो। हरेक वर्ष तीजका दिन गीत-संगीत, नृत्य र देउडाले भरिने सुर्खेतको खुलामञ्च यसपटक अस्वाभाविक रूपमा शान्त थियो। जहाँ अघिल्ला वर्षहरूमा महिलाको ठूलो जमघट हुन्थ्यो, त्यहाँ यसपटक सामान्य चहलपहलसमेत देखिएन। सुर्खेतमा हरेक वर्ष तीजको अवसरमा सांस्कृतिक कार्यक्रम गर्दै आएको बागीना समूहले पनि यस वर्ष आफ्नो कार्यक्रम स्थगित गऱ्यो।

तीजको अवसरमा हुने सांस्कृतिक कार्यक्रमलाई मनोरञ्जनका रूपमा नभई महिला सहभागिता, सामाजिक सचेतना र सांस्कृतिक संरक्षणको माध्यमका रूपमा अघि बढाउँदै आएको समूहले विपत्तिमा परेका नागरिकप्रति ऐक्यबद्धता जनाउन उत्सवलाई प्राथमिकता नदिने निर्णय गरेको हो।

बागीनाका लागि यो निर्णय सहज भने थिएन। वर्षौंदेखि तीज आउँदा कार्यक्रमको तयारी गर्ने, कलाकार जुटाउने, मञ्च व्यवस्थापन गर्ने र महिलालाई सहभागी गराउने अभ्यास थियो। तर यसपटक परिस्थिति फरक थियो।

'अरू बेला दुःख बिर्सेर उत्सव मनाउने तीज यसपटक अरूको दुःख सम्झने अवसर

*बाँकी दोस्रो पृष्ठमा...*

बहुला खोलाको बाढी

## पीडितका बाससँगै बग्यो व्यवसाय

**मिसन संवाददाता**
*जाजरकोट, २९ भदौ*



जाजरकोटको नलगाड नगरपालिका-१ र २ को सीमामा पर्ने बहुला खोलामा आएको बाढीले भेरी करिडोरअन्तर्गतको सडकमा ठूलो क्षति पुऱ्याएको छ। बाढीले सडकका विभिन्न भाग कटान गर्नुका साथै सडक किनारमा रहेका घर तथा अस्थायी टहरा, पसल, व्यवसाय र कृषि तथा पशुपालनसँग सम्बन्धित संरचनासमेत बगाएको हो। ठूलो क्षतिपछि स्थानीयले लाखौं रूपैयाँ बराबरको नोक्सानी व्यहोरेका छन्।

तर बाढी र पहिरोका कारण अवरुद्ध भएको भेरी करिडोर सोमबार दिउँसोदेखि भने पुनः सञ्चालनमा आएको छ। सडक खुले पनि बाढीले पुऱ्याएको भौतिक तथा आर्थिक क्षतिको पूर्ण विवरण अझै संकलन भइसकेको छैन। करिडोर आयोजना कार्यालय प्रमुख नरेशप्रसाद केशरीका अनुसार बहुला खोलासहित सडकका अन्य चार-पाँच स्थानमा समेत पहिरो खसेका कारण सडक सञ्चालनमा ल्याउन समय लागेको हो।

उनका अनुसार बिहान ६ बजेदेखि निरन्तर गरिएको प्रयासपछि सोमबार दिउँसो सडक पूर्ण रूपमा सञ्चालनमा ल्याइएको हो। 'सडक खुलाउन सकिए पनि बाढीले छाडेको क्षतिको असर तत्काल हट्ने अवस्था छैन,' उनले भने, 'स्थानीयका घर तथा व्यवसाय बग्नुका साथै सडक र आसपासका संरचनामा क्षति पुगेपछि प्रभावित परिवार तत्काल राहत र पुनःस्थापनाको पर्खाइमा छन्।'

बाढीका कारण भेरी करिडोरअन्तर्गत जाजरकोट-डोल्पा सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको थियो। सडक अवरुद्ध भएपछि जाजरकोटसँगै रुकुम पश्चिम र डोल्पातर्फ आवतजावत गर्ने यात्रु तथा स्थानीय प्रभावित भएका थिए। भेरी करिडोर यस क्षेत्रको महत्वपूर्ण

*बाँकी दोस्रो पृष्ठमा...*

### क्षतिको मूल्यांकन हुँदै

नलगाड नगरपालिका प्रमुख डम्बरबहादुर रावतले सडक खुलाउन नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गरेको बताएका छन्। बाढीबाट प्रभावित घरपरिवारलाई राहत उपलब्ध गराउन आवश्यक पहल भइरहेको उनले बताए।

यता प्रमुख जिल्ला अधिकारी नवराज बरालले प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरिएको जानकारी दिए। प्रशासनको निर्देशनपछि सडक खुलाउन सम्बन्धित निकायले प्रभावकारी रूपमा काम गरेको उनको भनाइ छ।

'बाढीबाट भएको क्षतिको एकिन मूल्यांकनपछि प्रभावित परिवारलाई राहत तथा आवश्यक सहयोगका लागि पहल गरिनेछ,' उनले भने, 'बाढीले घर तथा व्यवसायका संरचना बगाएका परिवारको पुनःस्थापनासँगै क्षतिग्रस्त सडक तथा सडक छेउका संरचनाको दीर्घकालीन संरक्षण र आगामी वर्षायाममा दोहोरिन सक्ने जोखिम न्यूनीकरण पनि उत्तिकै महत्वपूर्ण बनेको छ।' उनका अनुसार बहुला खोलाको बाढीले भेरी

*बाँकी दोस्रो पृष्ठमा...*

## बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग प्रधानमन्त्रीको छलफल

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका विपद् प्रभावित १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसभा सदस्यहरूसँग छलफल गरेका हुन् । प्रभावित क्षेत्रमा बाढीपछिको अवस्थाबारे समीक्षा, अहिलेको परिस्थिति, अब चाल्नुपर्ने कदम र पुनरुत्थान लगायतका विषयमा छलफल भएको थियो ।

**मिसन संवाददाता**
*काठमाडौं, २९ भदौ*



प्रधानमन्त्री बालेन्द्र शाह बालेनले रसुवाको भोटेकोशी बाढीपछि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका विभिन्न जिल्ला र स्थानीय तहका जनप्रतिनिधिहरूसँग छलफल गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका विपद् प्रभावित १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसभा सदस्यहरूसँग छलफल गरेका हुन्।

प्रभावित क्षेत्रमा बाढीपछिको अवस्थाबारे समीक्षा, अहिलेको परिस्थिति, अब चाल्नुपर्ने कदम र पुनरुत्थान लगायतका विषयमा छलफल भएको थियो। छलफलमा नुवाकोटका प्रतिनिधिसभा सदस्यहरू विक्रम तिमिल्सिना र अच्युतम लामिछाने तथा नुवाकोटको विदुर नगरपालिकाका नगरप्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका नगरप्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारीलगायत सहभागी भएका थिए।

यसैगरी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ छन् भने गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङले भने अनलाइनमार्फत छलफलमा सहभागिता जनाए।

धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक

*बाँकी दोस्रो पृष्ठमा...*

# महाकविको स्मृति दिवस मनाइयो

मिसन संवाददाता
*काठमाडौँ, २९ भदौ*

नेपाली साहित्यका विराट प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ६७औँ स्मृति दिवस विभिन्न कार्यक्रमका साथ मनाइएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानले पनि पहिलोपटक महाकवि देवकोटाको स्मृति दिवस मनाएको छ।

प्रतिष्ठानले मैतीदेवीस्थित महाकवि देवकोटा सङ्ग्रहालयमा 'महाकवि देवकोटा मिथ र यथार्थ' विषयक गोष्ठी आयोजना गरेको हो। कार्यक्रममा महाकविका छोरा पद्म देवकोटाले स्मृतिपत्र र महादेव अवस्थीले समीक्षापत्र प्रस्तुत गरेका थिए।

महाकवि देवकोटाको जन्म विसं १९६६ कात्तिक २७ गते लक्ष्मीपूजाका दिन काठमाडौँको डिल्लीबजारमा भएको थियो। उनको निधन २०१६ साल भदौ २९ गते भयो।

दश वर्षको उमेरबाट कविता लेख्न सुरु गरेका देवकोटाका सयभन्दा बढी महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास र कविता प्रकाशित छन्।



नेपाली साहित्यमा आधुनिक महाकाव्य लेखनको थालनी गरेका देवकोटाको 'मुनामदन' खण्डकाव्य हालसम्म सबैभन्दा बढी बिकेको पुस्तक मानिन्छ। स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवर्तक देवकोटाका रचनामा मानवतावाद, प्रकृतिप्रेम र क्रान्तिकारिता झल्कन्छ। भारतका महापण्डित राहुल साङ्कृत्यायनले देवकोटालाई भारतका महाकवि सुमित्रानन्दन पन्त, जयशङ्करप्रसाद र सूर्यकान्त निरालाको संयुक्त रूपसँग तुलना गरेका थिए। नाट्यसम्राट बालकृष्ण समले देवकोटा 'मुनामदन', 'शाकुन्तल' महाकाव्य र 'पागल' कवितासँगै तीनपटक जन्मेको टिप्पणी गरेका थिए।

विदेशी भाषामा नेपाली कृतिको अनुवाद र अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी उनले नेपाली साहित्यको प्रचारप्रसारमा ठूलो योगदान दिए। विसं २०१६ मा शिक्षा तथा स्वायत्त शासनमन्त्री हुँदा उनले नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गराएका थिए। नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनामा पनि उनको सक्रिय योगदान छ।

तीन महिनामा 'शाकुन्तल' महाकाव्य, १० दिनमा 'सुलोचना' महाकाव्य र एकैदिनमा 'कुञ्जिनी' खण्डकाव्य लेख्नसक्ने देवकोटामा अद्भुत क्षमता थियो। चरम आर्थिक अभाव र पारिवारिक वियोगका बीच पनि उनले उच्चस्तरको साहित्य सिर्जना गरिरहे। देवकोटाले 'पागल' कवितालाई आफैँले अङ्ग्रेजीमा अनुवाद गरेका थिए। विसं २०२४ मा प्रकाशित 'मायावीनी' र 'प्रमिथस'जस्ता कृति पाश्चात्य ग्रीसेली स्रोतबाट नेपालीकरण गरिएका उदाहरण हुन्।

## पहिलो पृष्ठको बाँकी

### सार्वजनिक...

बन्यो,' समूहकी सिता भण्डारीले भनिन्, 'विपत्तिमा परिवार गुमाएका र घरबारविहीन भएका नागरिकको पीडाबीच हामीले ठूलो कार्यक्रम गर्नु उचित ठानेनौँ।'

उनका लागि तीज रोकिएको थिएन। तीजको स्वरूप मात्रै बदलिएको थियो। 'पूजा गर्‍यौँ, व्रत बस्यौँ, परिवार र समाजको सुख-शान्तिको कामना गर्‍यौँ। गीत बजाएर नाच्नैपर्छ भन्ने छैन,' उनी भन्छिन्, 'कहिलेकाहीँ मौनताले पनि ठूलो सन्देश दिन्छ।'

तीज नेपाली महिलाका लागि धार्मिक पर्व मात्रै होइन। यो भेटघाट, माइतीसँगको सम्बन्ध, सुख-दुःख साट्ने अवसर र सांस्कृतिक अभिव्यक्तिको पर्व पनि हो। समयसँगै तीज मनाउने शैली पनि बदलिएको छ। पहिले घर, आँगन र माइतीमा सीमित तीज पछिल्ला वर्षहरूमा सार्वजनिक कार्यक्रम, सामूहिक दर, सांस्कृतिक प्रस्तुति र मनोरञ्जनसँग जोडिँदै गएको थियो।

सुर्खेतकी रमिता थापालाई पनि यसपटकको तीज विगतभन्दा फरक लाग्यो। उनका अनुसार तीजको मूल भावना नै परिवार, समाज र सम्बन्धको सुख-शान्तिको कामना गर्नु हो। 'हामीले आफ्नो सुख मात्र होइन, दुःखमा रहेका मानिसका लागि पनि सोच्नुपर्छ,' उनले भनिन्, 'त्यसैले यसपटक सार्वजनिक रूपमा नाचगान नभए पनि तीजको अर्थ कम भएको छैन। बरु सामाजिक संवेदना बढेको छ।'

अर्की महिला मञ्जु अधिकारीका लागि यसपटकको तीज 'संयमको पर्व' बन्यो। उनले भनिन्, 'विपत्तिको समयमा उत्सव मनाउँदा पनि मर्यादा र संवेदनशीलता आवश्यक हुन्छ। तीज मनाउनु हुँदैन भन्ने होइन, तर कसरी मनाउने भन्ने कुरा महत्वपूर्ण हो।'

कर्णालीमा तीजका अवसरमा विगतमा सरकारी तथा गैरसरकारी संघसंस्थाले विभिन्न कार्यक्रम आयोजना गर्दै आएका थिए। नृत्य, देउडा, सचेतनामूलक प्रस्तुति तथा अन्तरक्रियाका कार्यक्रम हुन्थे। यस्ता कार्यक्रमहरूमा राजनीतिक दलका नेता, जनप्रतिनिधि, उच्च पदस्थ कर्मचारी तथा सामाजिक क्षेत्रका व्यक्तिको उपस्थिति रहने गरेको थियो।

मञ्चबाट तीजको शुभकामना दिइन्थ्यो। महिलाका अधिकार, हिंसा न्यूनीकरण, स्वास्थ्य, शिक्षा र सामाजिक विकृतिविरुद्धका सन्देश पनि प्रवाह गरिन्थे। त्यसका लागि कतिपय संघसंस्थाले वार्षिक बजेटसमेत छुट्याउने गरेका थिए। तर यस वर्ष ती बजेट र कार्यक्रम उत्सवमा खर्च भएनन्।

**देशभर उस्तै दृश्य**

सुर्खेतको दृश्य प्रतिनिधिमूलक मात्रै हो। कर्णालीका अन्य जिल्लासँगै देशका विभिन्न स्थानमा पनि तीज धार्मिक तथा सांस्कृतिक विधिअनुसार मनाइयो। तर विपत्तिको पृष्ठभूमिका कारण विगतजस्तो भड्किलो सार्वजनिक उत्सवको स्वरूप धेरै ठाउँमा देखिएन।

विगतमा तीजका सार्वजनिक कार्यक्रमसँगै ठूलो भीड व्यवस्थापन, सवारी आवागमन नियन्त्रण र सुरक्षा चुनौती थपिने गरेको थियो। सार्वजनिक स्थलमा हुने कार्यक्रमले प्रहरी प्रशासनलाई पनि अतिरिक्त सुरक्षा व्यवस्थापन गर्नुपर्ने अवस्था आउँथ्यो। तर यसपटक त्यस्ता कार्यक्रम नहुँदा भीड व्यवस्थापनको चुनौती तुलनात्मक रूपमा कम रह्यो।

मन्दिरमा भने श्रद्धालुको भीडलाई व्यवस्थित गर्न सुरक्षाकर्मी परिचालन गरिएको थियो। सुर्खेत प्रहरीले तीजलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गर्ने नागरिकप्रति धन्यवाद व्यक्त गरेको छ। सामाजिक अभियन्ता लक्ष्मीकन्या बुढाका अनुसार विपत्तिका बेला तीज मनाउने तरिका बदलिनु स्वाभाविक हो।

'तीज महिलाको सांस्कृतिक अधिकार र पहिचानसँग जोडिएको पर्व हो। त्यसैले विपत्ति आयो भन्दैमा तीज मनाउनै नहुने भन्ने होइन,' उनले भनिन्, 'तर उत्सवमा खर्च गर्ने रकम, समय र ऊर्जालाई सामाजिक सहयोगतर्फ मोड्नु राम्रो कार्यहो।'

यसपटक सार्वजनिक कार्यक्रम स्थगित हुनु सांस्कृतिक गतिविधिको अन्त्य नभएको उनले बताइन्। बरु यसले तीजको सामाजिक पक्षलाई अझ बलियो बनाएको उनको भनाइ छ। 'दुःखमा रहेका नागरिकप्रति ऐक्यबद्धता जनाउँदै संयमित ढंगले पर्व मनाउनु पनि संस्कृति संरक्षणकै एउटा रूप हो' उनले भनिन्।

यता कर्णाली प्रदेशसभाकी सभामुख नन्दा गुरुङले तीजको अवसरमा शुभकामना दिँदै तीजलाई संस्कृति, परम्परा र आपसी मायाको पर्व मान्नुपर्ने बताइन्। तीजको आफ्नै मौलिकता र महत्व भएकाले आगामी वर्षहरूमा पनि यसलाई तडकभडकबिना पुरानै ढंगले मनाउनुपर्ने उनको भनाइ छ।

### पीडितका...

यातायात सञ्जाल भएकाले सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुको ढुवानी, स्थानीय आवतजावत तथा अन्य आर्थिक गतिविधिसमेत प्रभावित हुने अवस्था बनेको थियो।

जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी सुधीरकुमार खड्काका अनुसार स्थानीयका भौतिक संरचनामा बाढीले ठूलो क्षति पुऱ्याएको छ। नलगाड नगरपालिका-१ को बैरीतालमा बसोबास तथा व्यापार गर्दै आएका आठ जनाको भौतिक क्षति भएको उनले बताए। बैरीतालमा व्यवसाय सञ्चालन गर्दै आएका उनीहरको घर तथा अस्थायी टहरा बगाएको प्रहरीले जनाएको छ।

बाढीले पसल, फ्रेस हाउस, कुखुरापालनसँग सम्बन्धित संरचना तथा अन्य व्यवसायिक सामग्रीमा क्षति पुऱ्याएको छ। प्रहरीका अनुसार मानबहादुर विकको तीन कोठे टहरा पूर्ण रूपमा बगेको छ। बबिता महराको अस्थायी टहरा र किराना पसल, कृष्ण महराको एक कोठे अस्थायी टहरा र मेघराज कुमाईको बोइलर कुखुराको दाना राख्ने अस्थायी टहरा बगाएको छ।

यस्तै नन्दे महराको कपडा पेल्ने मेसिनसहितको टहरा तथा बलबहादुर विकको किराना पसल रहेको टहरा बाढीले बगाएको छ। जनक भण्डारीको अस्थायी टहरामा सञ्चालनमा रहेको फ्रेस हाउस पनि बाढीको चपेटामा परेको छ। फ्रेस हाउससँगै त्यहाँ रहेका करिब १०० वटा बोइलर कुखुरा बाढीले बगाएको प्रहरीले जनाएको छ।

दले कामीको अस्थायी टहरामा रहेको किराना पसलमा भने हिलो र पानी पसेर आंशिक क्षति भएको छ। स्थानीयका सवारीसाधन र जीविकोपार्जनका साधनमा समेत क्षति पुऱ्याएको छ। छवि महराको भे १ ह २६३३ नम्बरको अटो हिलोपानीमा पुरिएको छ। हिरालाल घर्तीको ग १ त ७२७८ नम्बरको ट्र्याक्टरसमेत माटोले पुरिएर आंशिक क्षति भएको प्रहरीले जनाएको छ।

स्थानीयको परम्परागत तथा जीविकोपार्जनको अर्को आधार पानीघट्ट पनि बाढीबाट जोगिन सकेन। सत्यदेव चनाराको पानीघट्ट बाढीले पूर्ण रूपमा बगाएको हो। पहिरोका कारण नलगाड नगरपालिका-२ डाँडागाउँको खर्कमा हजारी खत्रीका एक हल गोरुसमेत मरेका छन्। यसले बाढी-पहिरोबाट स्थानीयको घर-व्यवसायसँगै पशुधनमा समेत क्षति पुगेको छ। तर बाढीले ठूलो भौतिक क्षति पुऱ्याए पनि मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ।

### क्षतिको...

करिडोरको भौगोलिक जोखिमलाई पुनः सतहमा ल्याएको छ। पहाडी भूभाग, खहरे खोला र कमजोर सडक संरचनाका कारण वर्षायाममा यस क्षेत्रमा बाढी तथा पहिरोको जोखिम उच्च रहने गरेको छ। एकातिर बाढीले स्थानीयको घर, पसल र जीविकोपार्जनका साधन बगाएको छ, भने अर्कोतर्फ महत्वपूर्ण सडक पूर्वाधारमा समेत क्षति पुगेको छ।

सोमबार सडक सञ्चालनमा आए पनि क्षतिग्रस्त स्थानको दीर्घकालीन व्यवस्थापन नगर्ने हो भने सामान्य वर्षामै पुनः सडक अवरुद्ध हुने जोखिम कायमै रहने देखिन्छ। अहिले स्थानीयको पहिलो माग सडक सञ्चालनमा निरन्तरता र क्षतिको यथार्थ मूल्यांकन रहेको छ। त्यसपछि मात्र घर तथा व्यवसाय गुमाएका परिवारलाई राहत, पुनःस्थापना र क्षतिपूर्तिको प्रक्रिया अघि बढाउने तयारी छ।

### बाढी...

गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया (विवेक) छलफलमा उपस्थित भएका थिए।

तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दिपक तिमिल्सिना (साकार) पनि छलफलमा सहभागी रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।


**दर्ता खारेजीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/०९ मा दर्ता भएको प्रा.लि.नं.३३९३९७ को एस.के. ग्यालेक्सी सप्लायर्स प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२८ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री सरोज दाहाल**
लिक्विडेटर (इजाजत पत्र नं. ३५३)
मो.नं. ९८४१३०४९६०

**कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०५/३० गतेको मिसन टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय राजापुर, बर्दियाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : राजापुर, बर्दिया | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : आधुनिक चौधरी**<br>ना.प्र.नं. ६५२०२८-१६३४, जि.प्र.का. बर्दिया, जारी मिति : २०६९/१०/१४<br>बाबुको नाम : खडक राम थारु चौधरी, बाजेको नाम : राजाराम थारु<br>ठेगाना : बर्दिया जिल्ला, पाताभार वडा नं. ३, हाल : बर्दिया जिल्ला, गेरुवा गा.पा. वडा नं. २ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : खडक राम थारु**<br>ना.प्र.प.न. ४४९४८, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०४१/१०/२९<br>बाबुको नाम : राजाराम थारु<br>बाजेको नाम : मंगरे थारु<br>ठेगाना : बर्दिया जिल्ला, पाताभार वडा नं. ३<br>हाल : बर्दिया जिल्ला, गेरुवा गा.पा. वडा नं. २ | **२. नाम : सँस्कृती कुवँर**<br>ना.प्र.नं. ६५-१३-७५-००१५८, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०७५/०३/१३<br>पतिको नाम : आधुनिक चौधरी<br>ससुराको नाम : खडक राम थारु चौधरी<br>ठेगाना : बर्दिया जिल्ला, गेरुवा गा.पा. वडा नं. ५ |
| | **धितोको विवरण** | |
| | आधुनिक चौधरीको नाममा मालपोत कार्यालय राजापुर, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, पाताभार गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २०५, २०६, २०७ र २०८ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-० र ०-१-०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : साहादेव थारु**<br>ना.प्र.नं. ७२, जि.प्र.का. इ.प्र.शाखा राजापुर, जारी मिति : २०५२/०२/११<br>बाबुको नाम : लहानु थारु, बाजेको नाम : रामदाश थारु<br>ठेगाना : बर्दिया जिल्ला, राजापुर वडा नं. २ ख, हाल : बर्दिया जिल्ला, राजापुर वडा नं. ८ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : लोक बहादुर चौधरी**<br>ना.प्र.नं. ६५२०२२/१११, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०६९/०६/०९<br>बाबुको नाम : साहादेव थारु<br>बाजेको नाम : लहानु थारु<br>ठेगाना : बर्दिया जिल्ला, राजापुर वडा नं. २ | **२. नाम : गंगी कुमारी थरुनी**<br>ना.प्र.नं. २१, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०४६/१०/२२<br>पतिको नाम : साहादेव थारु, ससुराको नाम : लहानु थारु<br>ठेगाना : बर्दिया जिल्ला, खैरिचन्दनपुर गा.वि.स. वडा नं. २<br>हाल : बर्दिया जिल्ला, राजापुर वडा नं. ८ |
| | **धितोको विवरण** | |
| | साहादेव थारुको नाममा मालपोत कार्यालय राजापुर, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, राजापुर गा.वि.स. वडा नं. २ ख स्थित कित्ता नं. ३१२ र ३२० को क्षेत्रफल क्रमशः ०-५-१९-० र ०-५-१०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| ३. | **नाम : ऐसी बुडा**<br>ना.प्र.नं. १/८/१५८५, जि.प्र.का. अछाम, मिति : २०४६/०३/०९<br>पतिको नाम : चने बुडा, ससुराको नाम : राम गासे बुडा क्षेत्री<br>ठेगाना : अछाम जिल्ला, भैरवस्थान वडा नं. ३, हाल : बर्दिया जिल्ला, गेरुवा वडा नं. १ | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : राजापुर, बर्दिया, फोन नं. ०८४-४६०२८८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**मत्स्य विकास केन्द्र**
महादेवपुरी, बाँके

**क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मितिः २०८३/०५/३० गते)

यस कार्यालयको आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको "भुरा ढुवानीको लागी सवारी साधन" क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको अधिकृत विक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन ५:३० बजेसम्म तपसिल बमोजिमको कागजात संलग्न गरी यस कार्यालयमा रितपूर्वक सिलबन्दी निवेदन दर्ता गराउन आव्हान गरिएको छ। यो सम्बन्धी विस्तृत स्पेशिफिकेशन तथा अन्य जानकारी सम्बन्धमा यस कार्यालयको सूचना पाटी तथा वेबसाइट fdcbanke.lumbini.gov.np मा हेर्न/प्राप्त गर्न सकिनेछ। दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु सोही दिन ६:०० बजे खोलिनेछ।

तपसिल
- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- अद्यावधिक करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
- Letter of Authrization
- सवारी साधनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधासहितको विवरण (क्याटलक/ ब्रोसर)

नोटः यस कार्यालयमा सुचिकृत नभएमा उत्पादक वा आधिकारिक बिक्रेता कम्पनिहरुले सुचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव दर्ता गर्न सक्नुहुनेछ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३/०५/३०**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ। उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिँदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकंबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८२ को १२(९क) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ।

**तपशिलः**

| | |
|---|---|
| **१क) ऋणीको नाम** नेपाल सरकार उधोग मन्त्रालय धरेलु तथा साना उधोग बिभाग धरेलु तथ साना उधोग कार्यालय,भरतपुर,चितवन बाट मिति २०७०/०८/१८ मा दर्ता नं.५०८/०७०/०७१ बाट दर्ता भै स्थायी लेखा नं. ३०५०५५१५२ रहेको चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.०३ मा रजिष्टर्ड ठेगाना भएको **एस एस फेशन कलेकसन (प्रोप्राईटर : कमल नाथ अधिकारी)**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा, व्यवसाय अधिबिकर्षण कर्जा**<br>**१ख) ऋणीको नामः** बागमती प्रदेश सरकार उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय उधोग वणिज्य तथा उपभोक्ता हित संरक्षण निदेशनालय धरेलु तथा साना उधोग कार्यालय भरतपुर चितवन बाट मिति २०७९/०५/१५ मा दर्ता भै स्थायी लेखा नं. ६१८६५५५११ रहेको चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.०३ मा रजिष्टर्ड ठेगाना भएको **केटी कलोथिङ प्रोप्राईटर : प्रतिभा वाग्ले अधिकारी)**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा, व्यवसाय अधिबिकर्षण कर्जा** | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : कमल नाथ अधिकारी**<br>बाबु : विष्णु प्रसाद अधिकारी<br>बाजे : लोक नाथ अधिकारी<br>ना.प्र.नं : ९४४/०५४<br>जारी मिति :२०५४/०९/०८<br>जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ |
| **व्यक्तिगत जमानिकर्ता : विष्णु प्रसाद अधिकारी**<br>बाबु : लोक नाथ अधिकारी<br>बाजे : दयाराम अधिकारी<br>ना.प्र.नं : ७५<br>जारी मिति :२०४४/१०/१८<br>जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ | **व्यक्तिगत जमानिकर्ता : धातूका देवी अधिकारी**<br>बाबु : काउन्ड राज ढुङगाना<br>ससुरा : लोक नाथ अधिकारी<br>ना.प्र.नं : १७३<br>जारी मिति :२०४४/०२/०९<br>जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ |
| **व्यक्तिगत जमानिकर्ता : निर्मल अधिकारी**<br>बाबु : विष्णु प्रसाद अधिकारी<br>बाजे : लोक नाथ अधिकारी<br>ना.प्र.नं : ३५१००२/०४४<br>जारी मिति :२०५६/०३/०८<br>जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : प्रतिभा वाग्ले अधिकारी**<br>बाबु : शेष कान्त उपाध्या<br>ससुरा : विष्णु प्रसाद अधिकारी<br>ना.प्र.नं : १८६५/०६२<br>जारी मिति :२०६२/१२/१७<br>जि.प्र.का : : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ |
| **व्यक्तिगत जमानिकर्ता : राधिका कोइराला**<br>बाबु : निलकण्ठ कोइराला<br>ससुरा : विष्णु प्रसाद अधिकारी<br>ना.प्र.नं : ४४४१०४७/४२०, जारी मिति :२०६७/०४/१६, जि.प्र.का : गोरखा<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.२५ | |

# उद्धार कोषमा स्वावलम्बनको ४० लाख रूपैयाँ सहयोग



मिसन संवाददाता
काठमाडौँ, २९ भदौ

स्वावलम्बन लघुवित्तले भोटेकोशी बाढी प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनार्थ ४० लाख रूपैयाँ सहयोग प्रदान गरेको छ। लघुवित्तका अक्ष्यक्ष प्रा.डा. कुसुम शाक्यले अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई ४० लाख रूपैयाँको चेक प्रदान गरेका हुन्।

विपद्को यस कठिन घडीमा नेपाल सरकारको राहत तथा उद्धार अभियानमा सहयोग पुऱ्याउने उद्धेश्यले स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत तर्फबाट रु. २५ लाख, सञ्चालकहरूका तर्फबाट रु. ३० हजार ६ सय र सम्पूर्ण कर्मचारीहरूका तर्फबाट रु. १४ लाख ६९ हजार ४ सय गरी जम्मा रु. ४० लाख नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा योगदान गरिएको जनाएको छ।

रसुवा जिल्लाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङ्ग, चितवन लगायतका जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड परिवारले गहिरो दुःख व्यक्त गर्दै पीडित परिवारप्रति सहानुभूति र बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ।

साथै, बाढीमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै वित्तीय संस्थाको शाखा कार्यालय बेत्रावती-रसुवामा कार्यरत रही हालसम्म सम्पर्कविहीन भएका कर्मचारीद्वय किरण थापा र राजकुमार दर्जी लगायतका वेपत्ता नागरिकहरूको सकुशल खोजतलास एवं उद्धारका लागि नेपाल सरकारसमक्ष अनुरोधसमेत गरेको छ।

# कैलालीमा राति १२ बजेसम्म होटल सञ्चालन गर्न पाइने

मिसन संवाददाता
कैलाली, २९ भदौ

कैलालीमा स्तरीय होटल सञ्चालनको समयसीमा केही खुकुलो बनाइएको छ। यसअघि राति १० बजेसम्म मात्रै होटल तथा व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था रहेकामा अब प्रदेश सरकारको मापदण्डअनुसार दर्ता भएका स्तरीय होटलले राति १२ बजेसम्म सञ्चालन गर्न पाउने भएका छन्। होटल व्यवसायी संघ कैलाली, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबीच भएको छलफलपछि स्तरीय होटललाई थप दुई घण्टा सञ्चालन गर्न दिने सहमति भएको हो। नयाँ व्यवस्थाअनुसार स्तरीय होटलले राति १२ बजेसम्म ग्राहकलाई सेवा दिन पाउनेछन्।

यस निर्णयलाई कैलालीको पर्यटन तथा होटल व्यवसायका लागि सकारात्मक कदमका रूपमा हेरिएको छ। विशेषगरी राति अबेर धनगढी पुग्ने बाह्य तथा आन्तरिक पर्यटकलाई खाना तथा आवासको सुविधा लिन सहज हुने व्यवसायीको अपेक्षा छ। यसले धनगढीमा आउने पर्यटकको बसाइ लम्ब्याउन र सुदूरपश्चिमको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ।

धनगढीसहित कैलालीमा लामो समयदेखि व्यापार व्यवसाय राति १० बजेभित्र बन्द गर्नुपर्ने व्यवस्था लागू हुँदै आएको थियो। सुरक्षा व्यवस्थालाई ध्यानमा राखेर प्रशासनले राति १० बजेपछि व्यवसाय सञ्चालनमा रोक लगाउँदै आएको थियो। तर, साना खुद्रा पसलदेखि ठूला तथा स्तरीय होटलसम्मलाई एउटै समयसीमा लागू गर्दा होटल व्यवसायमा भने समस्या हुँदै आएको व्यवसायीको गुनासो थियो।

विशेषगरी काठमाडौंबाट आउने हवाई यात्रु, लामो दूरीका यात्रु तथा भारततर्फबाट राति धनगढी प्रवेश गर्ने पर्यटक तथा पाहुनालाई होटलमा पुगेर खाना खान र आवासको व्यवस्था गर्न कठिनाइ हुने गरेको व्यवसायी बताउँछन्।

यही समस्या समाधानका लागि होटल व्यवसायी संघ कैलालीले जिल्ला प्रशासन तथा प्रहरीसँग लामो समयदेखि छलफल गर्दै आएको थियो। व्यवसायीको माग, पर्यटकको आवागमन र स्तरीय होटलको सुरक्षा व्यवस्थालाई समेत ध्यानमा राखेर प्रशासन र प्रहरीसँग भएको छलफलपछि समयसीमा दुई घण्टा थप गर्ने सहमति भएको हो। सम्झौतापत्रमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, जिल्ला प्रहरी कार्यालय कैलालीका प्रमुख नरेन्द्र चन्द र होटल व्यवसायी संघ कैलालीका अध्यक्ष केशव पाण्डेयले हस्ताक्षर गरेका छन्।



होटल व्यवसायी संघ कैलालीका अध्यक्ष केशव पाण्डेयका अनुसार प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा कैलालीका एक सय वटा होटल स्तरीय होटलका रूपमा दर्ता भएका छन्। प्रदेश सरकारले स्तरीय होटलका लागि निश्चित मापदण्डसमेत तोकेको छ। सोही मापदण्डअनुसार दर्ता भएका होटललाई मात्रै नयाँ व्यवस्थाअनुसार राति १२ बजेसम्म सञ्चालन गर्न दिइनेछ।

अध्यक्ष पाण्डेयका अनुसार राति अबेर धनगढी पुग्ने पर्यटक तथा यात्रुका लागि नयाँ व्यवस्थाले ठूलो राहत पुग्नेछ। होटलमा खाना खाने र बस्ने वातावरण सहज भएपछि पर्यटकलाई धनगढीमा रोकिन प्रोत्साहन गर्ने र यसबाट होटल व्यवसायसँगै पर्यटन क्षेत्रले पनि लाभ लिन सक्ने व्यवसायीको अपेक्षा छ।

नयाँ व्यवस्था सबै होटल तथा व्यवसायका लागि भने लागू हुने छैन। प्रदेश सरकारको मापदण्डअनुसार स्तरीय होटलका रूपमा दर्ता भएका होटलले मात्रै राति १२ बजेसम्म सेवा सञ्चालन गर्न पाउनेछन्। स्तरीय होटल बाहेकका अन्य होटल तथा व्यापार व्यवसायका लागि भने यसअघि लागू हुँदै आएको राति १० बजेसम्मको समयसीमा नै कायम रहनेछ। यसले एकातर्फ पर्यटक तथा यात्रुलाई आवश्यक सेवा उपलब्ध गराउने र अर्कोतर्फ सुरक्षा व्यवस्थालाई समेत ध्यानमा राख्ने प्रशासनको नीति देखिन्छ।

स्तरीय होटललाई दुई घण्टा थप सञ्चालनको अनुमति दिइए पनि सुरक्षा चुनौतीलाई भने बेवास्ता गर्न नहुने प्रशासनले जनाएको छ। प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले प्रदेश सरकारले तोकेको मापदण्डअनुसार दर्ता भएका होटलले सुरक्षा व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको छ। रातिको समयमा होटल सञ्चालन हुँदा हुन सक्ने सुरक्षा जोखिमलाई मध्यनजर गर्दै होटल सञ्चालक आफैँ पनि सचेत र जिम्मेवार हुनुपर्ने प्रशासनको भनाइ छ।

होटलमा आउने ग्राहकको विवरण, सुरक्षा व्यवस्था, कर्मचारी तथा परिसरको निगरानीलगायत विषयमा आवश्यक ध्यान दिन प्रशासनले आग्रह गरेको छ।

सुदूरपश्चिम प्रदेशको राजधानीसमेत रहेको धनगढीमा रात्रिकालीन बजार सञ्चालन गर्नुपर्ने माग व्यवसायीले लामो समयदेखि गर्दै आएका छन्। प्रदेशको प्रमुख व्यापारिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास हुँदै गएको धनगढीमा राति १० बजेपछि बजार पूर्ण रूपमा बन्द हुँदा व्यवसाय तथा पर्यटनमा असर परेको व्यवसायीको भनाइ छ।

विशेषगरी होटल, रेष्टुरेन्ट, यातायात, मनोरञ्जन तथा पर्यटनसँग जोडिएका व्यवसायले रात्रिकालीन व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न दिनुपर्ने माग गर्दै आएका छन्। तर, सुरक्षा चुनौतीलाई मुख्य कारण देखाउँदै प्रशासनले यसअघि राति १० बजेपछि व्यवसाय सञ्चालन गर्ने विषयमा कडाइ गर्दै आएको थियो।

# बाढीपीडितलाई ओरिएन्टल इन्स्योरेन्सद्वारा २० लाख सहयोग

मिसन संवाददाता
काठमाडौँ, २९ भदौ

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनः स्थापनाका लागि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेडले २० लाख रूपैयाँ सहयोग गरेको छ।

कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरेको हो। बाढीबाट प्रभावित नागरिकको कठिन अवस्था र तत्कालको आवश्यकता ध्यानमा राख्दै राहत तथा पुनः स्थापनाका प्रयासमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक सहयोग गरिएको कम्पनीले जनाएको छ।



कम्पनीको केन्द्रीय कार्यालय नयाँ दिल्लीबाट अध्यक्ष तथा प्रबन्ध निर्देशक सञ्जय जोशीले नेपालमा भएको प्राकृतिक विपत्तिप्रति दुःख व्यक्त गर्दै प्रभावित समुदायको सहयोगका लागि सबै सहकर्मीलाई अघि बढ्न आग्रह गरेका छन्।

उनले विपत्तिको यस कठिन घडीमा प्रभावित नागरिकसँग ऐक्यबद्धता जनाउँदै राहत तथा पुनः स्थापनाका प्रयासमा योगदान गर्नु सबैको सामाजिक दायित्व भएको बताएका छन्।

कम्पनीको स्थापना दिवसलाई संस्थागत यात्राको उत्सवका रूपमा मात्र नभई दुःखमा परेका नागरिकसँग सहानुभूति र ऐक्यबद्धता प्रकट गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्नेमा पनि उनले जोड दिएका छन्।

इन्स्योरेन्सले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ। साथै, बाढीबाट घाइते तथा प्रभावित सबैको शीघ्र स्वास्थ्यलाभ, सुरक्षित पुनःस्थापना र प्रभावित समुदायको शीघ्र पुनरुत्थानको कामना गरेको छ।


**Saudi मा रोजगार** United Food Industries Co.Ltd.

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/०२/२५ चलानी नं. ६०२५६४१५ LT.No. 343123

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Load and Unload Workers | 10 | साधारण | 1000 | ४०,६७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८३ असोज ६ गते (22 Sept., 2026) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला।

**Lal Dhanus International Service Pvt. Ltd.**
Mahankal, Boudha, Kathmandu. Phone : 01-5210056, 5210057
श्रम इजाजत नं.: ५७६/०६२/६३
Contact Person : 9803505935 (Bikash Rai), Email : administrative@laldhanus.com



**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**हार्डकपी बोलपत्र खरिद तथा पेश गर्ने मिति संशोधन सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८३/०५/३०

यस कार्यालयद्वारा मिति २०८३/०५/२२ गते प्रकाशित सूचना अनुसार Road Maintenance work at Katunje Khola Gaun-Oda office 9-Chaukibhanjyang Katari Municipality-9, Katunje ठेक्का नं- KMUN/NCB/Works/14/2083-084 कार्यका लागि हार्डकपी बोलपत्र खरिद गर्नुपर्ने मिति २०८३/०६/०६ तथा बोलपत्र पेश गर्नुपर्ने मिति २०८३/०६/०७ भएकोमा सो को संशोधित मिति क्रमशः २०८३/०६/१२ तथा २०८३/०६/१३ रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

..........................................
प्रमुख प्रशासकीय अधिकृत


# ठूलो परिमाणमा ट्रामाडोल बरामद

मिसन संवाददाता
नेपालगन्ज, २९ भदौ

सशस्त्र प्रहरीले बाँकेबाट ठूलो परिमाणमा प्रतिबन्धित औषधि ट्रामाडोल बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर ३० गण बागेश्वरी बाँकेका अनुसार बीओपी बढैया अन्तर्गतको सुरक्षा पोस्टबाट खटिएको टोलीले खजुरा गाउँपालिका-१ स्थित बेलडाँडाबाट चार हजार तीन सय २० पत्ता अर्थात् ४३ हजार २ सय क्याप्सुल ट्रामाडोल बरामद गरेको हो।



सोमबार दिउँसो सवा २ बजे सशस्त्र प्रहरी नायब निरीक्षक पदम खड्काको कमान्डमा खटिएको पाँच जनाको टोलीले भारतबाट अवैध रूपमा ल्याइएको उक्त ट्रामाडोलसँगै भे ६ प ६०२६ नम्बरको मोटरसाइकल समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

अवैध ओसारपसार, सीमा अपराध नियन्त्रण तथा लागूऔषधविरुद्धको कारबाहीलाई प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी बल नेपाल बाँकेको निर्देशनअनुसार टोली परिचालन गरिएको जनाइएको छ।

औषधि लिएर आउँदै गरेका व्यक्ति भने सशस्त्र प्रहरीको टोलीलाई देख्नासाथ मोटरसाइकल छाडेर फरार भएका प्रहरीको भनाइ छ। ती व्यक्तिको पहिचान तथा खोजतलास भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रहरी कार्यालय भोजपुर**

**आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३।०५।३०

जिल्ला प्रहरी कार्यालय भोजपुर मातहत प्रहरी चौकी जरायोटार, भोजपुरको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति २०८३।०४।०५ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोलि मुल्याङ्कन समिति द्वारा मुल्याङ्कन पश्चात तपसिलबमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (५) अनुसार आर्थिक प्रस्ताव यहि मिति २०८३।०६।०८ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| निर्माण कार्य: | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु: |
|---|---|
| Construction of Office Cum Barrack/Mess and Allied Works At Police Post Zarayotar, Bhojpur (IFB No.:DPOB/NCB/PPZARAYOTAR/2083-084/01) | 1. Dil Nirman Sewa Pvt. Ltd., Bhojpur-10<br>2. Mukul Nirman Sewa, Siddheshwor-03, Bhojpur<br>3. Makalu Nirman Sewa, Shyamsila-08, Bhojpur<br>4. Jagdamba Nirman Sewa, Kachorwa-06, Bara<br>5. Shah-Bidur-Jayanath JV, Bhojpur |

सम्पादकीय

# बालअधिकारको सुनिश्चितता

नेपालमा हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाइन्छ। नेपालले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरेको दिनलाई आधार मानेर राष्ट्रिय बाल दिवस मनाउने परम्परा सुरु भएको हो। यस दिन बालबालिकाको अधिकार, संरक्षण, विकास र सहभागिताबारे जनचेतना अभिवृद्धि गर्ने तथा बालबालिकाका लागि राज्यले गरेका कामको समीक्षा गर्ने गरिन्छ। त्यसैले राष्ट्रिय बाल दिवस कुनै उत्सवमा सीमित हुने दिन होइन, बालबालिकाको वर्तमान अवस्था र भविष्यप्रतिको हाम्रो जिम्मेवारी सम्झने महत्वपूर्ण अवसर हो। बालबालिका राष्ट्रका भविष्यका कर्णधार हुन् भन्ने कुरा वर्षौंदेखि भनिँदै आएको छ। तर उनीहरूलाई भविष्यका नागरिक भनेर मात्र हेर्नेभन्दा आजका अधिकारसम्पन्न नागरिकका रूपमा स्वीकार गर्नु आवश्यक छ। सुरक्षित बाल्यकाल, गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, उचित संरक्षण, अभिव्यक्ति तथा सहभागिताको अधिकार उनीहरूका आधारभूत अधिकार हुन्। यी अधिकार सुनिश्चित गर्नु परिवार, समाज र राज्य सबैको साझा दायित्व हो। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। बालबालिकालाई पहिचानसहित हुर्कन पाउने, शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित विकासको अधिकार प्राप्त छ।

हिंसा, शोषण, दुर्व्यवहार र जोखिमबाट संरक्षण पाउने अधिकार पनि संविधानले सुनिश्चित गरेको छ। बालबालिकासम्बन्धी ऐन तथा अन्य कानुनी व्यवस्थाले यसलाई थप स्पष्ट गरेका छन्। तर कानुन र नीतिमा अधिकार स्थापित भए पनि व्यवहारमा सबै बालबालिकाले समान अवसर पाएका छन् भन्न सकिने अवस्था छैन। गरिबी, अशिक्षा, भौगोलिक विकटता र सामाजिक विभेदका कारण अझै धेरै बालबालिका आधारभूत अधिकारबाट वञ्चित छन्। कतिपय बालबालिका विद्यालय जानुको सट्टा श्रम गर्न बाध्य छन्। बालविवाह, बालहिंसा, यौन दुर्व्यवहार, बेचबिखन तथा लागुऔषधको जोखिमबाट बालबालिकालाई पूर्ण रूपमा सुरक्षित गर्न सकिएको छैन। अपाङ्गता भएका, अभिभावकविहीन, सडकमा आश्रित तथा विपद्बाट प्रभावित बालबालिकाको संरक्षणमा थप संवेदनशीलता आवश्यक छ। पछिल्लो समय डिजिटल प्रविधिको विस्तारले बालबालिकाको सिकाइ र सिर्जनशीलताका नयाँ अवसर खोलेको छ। तर त्यससँगै साइबर दुर्व्यवहार, अनलाइन शोषण, गलत सूचना तथा हानिकारक सामग्रीको पहुँचजस्ता जोखिम पनि बढेका छन्। त्यसैले बालबालिकालाई प्रविधिबाट टाढा राख्ने होइन, सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगका लागि आवश्यक ज्ञान तथा संरक्षणको व्यवस्था गर्नुपर्छ। प्राकृतिक विपत्तिको समयमा बालबालिका झनै जोखिममा पर्छन्।

बाढी, पहिरो, भूकम्पलगायतका विपद्ले उनीहरूको पढाइ मात्र होइन, स्वास्थ्य, पोषण र मनोसामाजिक अवस्थासमेत प्रभावित गर्छ। विपद् व्यवस्थापन तथा पुनःस्थापनाका हरेक योजनामा बालबालिकाको आवश्यकता प्राथमिकतामा राखिनुपर्छ। अस्थायी आश्रयस्थलदेखि विद्यालय पुनःसञ्चालनसम्म बालमैत्री व्यवस्था सुनिश्चित गर्नुपर्छ। राष्ट्रिय बाल दिवसका अवसरमा विद्यालयमा विभिन्न कार्यक्रम आयोजना गर्नु सकारात्मक हो। तर दिवसको सार त्यस्ता औपचारिक कार्यक्रममा मात्र सीमित हुनु हुँदैन। बालबालिकाको आवाज सुन्ने, उनीहरूको समस्या पहिचान गर्ने र समाधानका लागि ठोस काम गर्ने प्रतिबद्धता आवश्यक छ। स्थानीय तहदेखि संघीय सरकारसम्म बाल संरक्षणका कार्यक्रम प्रभावकारी बनाउनुपर्छ। शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानीसँगै बालश्रम, बालविवाह र हिंसा अन्त्यका लागि सामाजिक अभियानलाई पनि तीव्रता दिनुपर्छ। राष्ट्रिय बाल दिवसले हामीलाई एउटा महत्वपूर्ण प्रश्न सोध्छ–हामीले बालबालिकाका लागि कस्तो समाज निर्माण गर्दैछौं ? उनीहरू सुरक्षित, स्वस्थ, शिक्षित र आत्मविश्वासी भएर हुर्कने वातावरण बनाउन सक्यौं भने मात्र दिवस मनाउनुको वास्तविक अर्थ पूरा हुनेछ। बालबालिकामाथिको लगानी खर्च होइन, राष्ट्रको दीर्घकालीन समृद्धिको आधार हो। त्यसैले राष्ट्रिय बाल दिवसलाई एकदिने औपचारिकताबाट माथि उठाएर बालअधिकार सुनिश्चित गर्ने निरन्तर अभियानका रूपमा अघि बढाउन आवश्यक छ।


## हाम्रो अनुरोध

हामीले प्रकाशित गरेका लेख, रचनामा प्रतिक्रिया जनाउन तथा आफ्ना साहित्यिक रचनाहरु प्रकाशित गर्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला ।

**साहित्यिक सम्पादक**

**सम्पर्क नं. ९८४४८०१०६६**

**इमेल: missionsahitya32@gmail.com**

मिसन टुडे राष्ट्रिय दैनिक
www.missiontodaynews.com
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित


# नटुङ्गिएको एमालेको निर्वाचन समीक्षा प्रतिवेदन



भीम रावत

एमालेको नेता-कार्यकर्ताहरूले एउटा कुरा स्पष्ट रूपमा बुझ्न आवश्यक छ कि महासचिव पोखरेलको प्रतिवेदनमा असहमति जनाउने रामबहादुर थापाको एमालेमा त्यस्तो हैसियत नै छैन । यो त अध्यक्ष ओलीले पोखरेलको प्रतिवेदन आफ्नो अनुकूल नरहेको थाहा पाएपछि आफ्नो अनुकूल हुने गरी अर्को प्रतिवेदन तयार गर्न ओलीले नै थापालाई लगाएका हुन ।



नेपाली राजनीतिमा कुनै समय यस्तो थियो कि नेकपा एमाले भनेपछि जनताका बीचमा लोकप्रियता र आकर्षण निकै थियो। नेता-कार्यकर्ता मात्र होइन, नेपाली जनता पनि एमालेका समर्थक भनेपछि गर्व गर्दथे। तर केपी ओली पार्टी र सत्ताको नेतृत्वमा आएको पछिल्लो समयमा ओलीकै कारण नेकपा एमालेको राजनीतिक जीवनमै सबैभन्दा धेरै संकटमा परेको छ। यो निष्कर्ष अरूले होइन, राजनीतिको लामो यात्रामा ओलीलाई बाँध थापेर सँगै हिँडेका नेताहरूले नै लगाइरहेका छन् यतिबेला।

२०७४ सालमा ओलीले लोकप्रियताको केही उचाइ प्राप्त गर्न खोजेका थिए। तर उनको आफ्नै कारणले त्यो झण्डै दुईतिहाइको सरकार ढल्यो। एमाले देशको ठूलो कम्युनिस्ट पार्टी हुँदाहुँदै पनि नेतृत्वकै अहंकार र दम्भले ओरालो लागेर आजको परिस्थिति भोग्नु परिरहेको छ। एमालेको नेतृत्वले राजनीतिक दलमा हुनुपर्ने सामान्य अन्तरवस्तुहरू विचार, आस्था, नीति, नेतृत्व, संगठन, कार्यकर्ता, शुभेच्छुक र जनता भन्ने कुरालाई महत्व नदिनाले वा भुल्नाले आजको जटिल सांगठनिक अवस्था भोग्नुपरेको हो। पार्टी अध्यक्ष ओली र तिनका वरिपरि रहेका केन्द्रीय नेतृत्व जनताप्रति जिम्मेवार र जवाफदेही बन्न सकेनन्।

ओली सरकारको नेतृत्व गरुन्जेल अधिकांश समय प्रहसन, हास्यव्यङ्ग्य, बकम्फुस, उट्पट्याङ, गफमा व्यतीत गरे। सत्ताको म्युजिकल चेयरले गर्दा एमालेले जनतालाई बिर्सियो र २०७९ सालको आमनिर्वाचनमा करिब २८ लाख मत प्राप्त गरेको एमालेले २०८२ को प्रतिनिधिसभाको निर्वाचनमा १४ लाखमा चित्त बुझाउनुपर्‍यो। प्रत्यक्ष निर्वाचनतर्फ त एमाले जम्मा ९ सिटमा खुम्चिन पर्‍यो। आज पार्टी कमजोर भएकै कारण ओलीले थुप्रै दोष र आरोप भोग्नु परिरहेको छ। उनी नेतृत्वमा भएकाले यो स्वभाविकै हो।

तर अध्यक्ष ओली यो स्वीकार गर्न तयार छैनन्। ओलीले आफ्नो बचाउ गर्दै विभिन्न अभिव्यक्ति दिँदै अरूलाई दोष लगाए पनि उनी आफैँले यो खाडल निम्त्याएको हुनाले त्यसलाई विगतमा ओलीलाई काँध थापेका धेरै नेताहरूले साथ दिन अस्वीकार गरेका छन्। पार्टीमा ओली कमजोर हुँदै गएकोले हिजो उनैले प्रेरित गरेकाहरू आज किर्ना भएर झर्दै छन्। जस्लाई ओलीले यतिबेला 'आवरा'हरूसमेत भन्न थालेका छन्।

तीन पटकसम्म प्रधानमन्त्री बनेका ओली राजनीतिक योगदानका आधारमा भन्दा पनि अभिव्यक्ति शैलीका कारण मिडिया र सञ्जालमा अलि बढी चर्चामा आउँछन्। ओलीको स्वभावमा अहंकार, दम्भ र घमण्ड ज्यादा छ। उनको अभिव्यक्ति शैलीमा आलोचक र विरोधीलाई अत्यन्त तुच्छ शब्दको प्रयोग गर्ने किसिमको सम्बोधन हुन्छ। उनका सम्बोधन र भाषणहरूमा उखानटुक्काहरूको प्रयोग हुने हुनाले उनको अभिव्यक्ति शैलीका बारेमा खण्डन र टिप्पणी भएका हुन्। देशको प्रधानमन्त्री भइसकेको व्यक्ति र एउटा जिम्मेवार राजनीतिक दलको अध्यक्ष भएको हुनाले उनका व्यक्तिगत वा सार्वजनिक गतिविधि र अभिव्यक्तिलाई समाज, सञ्चार र सञ्जालले विशेष चासोका साथ हेरिनु पनि स्वाभाविकै हो।

यतिबेला नेकपा एमालेले गत २०८२ फागुनमा सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा पार्टीले बेहोर्नु परेको लज्जास्पद हारको समीक्षा तथा पार्टी पुनःगठनसम्बन्धी प्रतिवेदनको प्रस्तुति तथा यसमा समेटिएका विषयहरूको कार्यान्वयन गर्ने निष्कर्षमा पुग्न नै एमालेलाई 'गलपासो'जस्तो भएको छ। अहिलेको विवादलाई सामान्य 'निर्वाचन समीक्षा'भन्दा बढी एमालेको नेतृत्व, पार्टी सञ्चालन शैली र पुनर्गठनको दिशाबारेको वैचारिक/राजनीतिक टकरावका रूपमा बुझ्न सकिन्छ। गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा एमालेको कमजोर परिणाम आएपछि पार्टीले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल बनायो। प्रदेश तथा विभिन्न पार्टी निकायबाट सुझाव लिएपछि प्रतिवेदन तयार गर्ने जिम्मा महासचिव शंकर पोखरेललाई दिइएको थियो। महासचिव पोखरेलले प्रतिवेदन लेखनमा निर्वाचनमा एमाले किन कमजोर भयो, संगठन र पार्टी सञ्चालनमा के सुधार गर्नुपर्छ भन्ने विषयमा बढी केन्द्रित रहेको थियो। यसलाई उपाध्यक्ष थापाले पोखरेलको प्रतिवेदनमा पार्टी पुनर्गठनको नाममा अध्यक्ष केपी शर्मा ओलीलाई नेतृत्वबाट हटाउने दिशातर्फ जान खोजिएको भन्दै त्यसमा आपत्ति जनाएका थिए। यसको परिणामस्वरूप सचिवालयको बैठकमा महासचिव पोखरेल र उपाध्यक्ष थापाको छुट्टाछुट्टै प्रतिवेदन पेस भएपश्चात् विवाद झन् चर्केको छ।

ओली निकट मानिएका उपाध्यक्ष थापा पक्षको तर्कअनुसार पार्टीको पुनर्गठन भनेको अध्यक्ष परिवर्तन गर्नु होइन, निर्वाचनको कमजोरी सच्याएर संगठन बलियो बनाउनु हो। ओलीलाई लक्षित गरेर पुनर्गठनको बहस चलाउनु गलत हो भन्ने थापाको प्रतिवेदनको मूल भावना देखिन्छ। अर्कोतर्फ महासचिव पोखरेलको तर्क छ कि निर्वाचनमा आएको ठूलो पराजयलाई केवल संगठनात्मक कमजोरी भनेर पुग्दैन, नेतृत्व, निर्णय प्रक्रिया, जनतासँगको सम्बन्ध र पार्टी सञ्चालन शैलीसमेत समीक्षा गर्नुपर्छ। पोखरेलको प्रतिवेदनसँग जोडिएको यही बहस अहिले एमालेभित्र महत्वपूर्ण बनेको छ। यसरी एमालेभित्र यतिबेला दुई फरक राजनीतिक धारणा देखिन्छन्। तर विवादको मूल प्रश्न र संवेदनशील विषय भनेकै ओलीको नेतृत्वको सवाल नै हो।

दुई अलग- अलग प्रतिवेदन सचिवालयमा प्रस्तुत भएपश्चात् सचिवालय बैठकमै दुई पक्षका नेताहरू बीच नोकझोक मात्र भएन, उपाध्यक्ष थापाले ओलीको बचाउ गर्दै अभिव्यक्ति दिन थाले पनि महासचिव शंकर पोखरेल र अर्का उपाध्यक्ष विष्णु पौडेलले थापालाई 'पहिला तपाईँ एमाले बन्नोस् अनि बहस गरौँला, माओवादीको धङधङ्गी गन्नाएर एमालेलाई उपदेश दिन पर्दैन, पहिला एमाले पार्टीको स्कुलिङ अध्ययन गर्नुहोस्' भनेपछि थापा हच्किएका थिए। नयाँ अवस्था र दुई प्रतिवेदनका भावनाहरू अनुसार एमालेका नेताहरू काभ्रेको बल्थलीमा आवासीय बैठकमा बसेर दुई प्रतिवेदन मिलाउने प्रयास गरिरहेका छन्।

ती दुई प्रतिवेदनहरू कार्यदलमा छलफल गरी साझा/एकीकृत प्रतिवेदन तयार गरी पार्टी सचिवालय बैठकमा पेस गर्ने र सचिवालयमा ओली अल्पमतमा पर्ने निश्चित भएपश्चात् सो प्रतिवेदन केन्द्रीय कमिटी बैठकमा लैजाने ओली पक्षको आसय देखिन्छ। यदि एकीकृत प्रतिवेदन बनाउने कुरामा सहमति भएन भने एमालेले दुई प्रतिवेदनलाई छुट्टाछुट्टै रूपमा केन्द्रीय कमिटीमा लैजाने सम्भावनालाई पनि इन्कार गर्न सकिँदैन। मेरो बुझाइमा यसको राजनीतिक अर्थ यो विवादको वास्तविक केन्द्र 'निर्वाचनमा किन हारियो ?' भन्ने मात्र होइन कि, यस्तो लज्जास्पद हारपछि एमाले कसरी बदलिने ?' भन्ने प्रश्न हो र यही नै एमालेभित्र अबको राजनीति बहस हुनु पर्छ।

एमालेभित्रको अहिलेको विवाद तत्काल फुट वा एक पक्षको पूर्ण विजयतर्फ भन्दा पनि 'सम्झौता गरेर निकास निकाल्ने' दिशामा जाने सम्भावना बढी छ। तर त्यसका लागि नेतृत्व र जिम्मेवारीको प्रश्नमा केही ठोस सहमति हुनु आवश्यक छ। अहिले विवादको मूल कुरा दुईवटा प्रतिवेदनमा स्पष्ट देखिन्छ। शंकर पोखरेलको धारणानुसार निर्वाचन हारको राजनीतिक जिम्मेवारी नेतृत्वले लिनुपर्ने। ओलीको कार्यशैलीमा पुनर्विचार हुनुपर्ने र विशेष महाधिवेशनमार्फत नेतृत्व हस्तान्तरणको बाटो खोल्नु पर्ने भन्ने आसय देखिन्छ। त्यस्तै रामबहादुर थापाको धारणामा भर्खरै महाधिवेशनबाट करिब ७५ प्रतिशत मत पाएका ओलीलाई एउटा निर्वाचनको परिणामका आधारमा हटाउन खोज्नु उचित हुँदैन। अहिलेको प्राथमिकता पार्टी पुनर्गठन र सुदृढीकरण हुनुपर्छ भन्ने रहेको देखिन्छ।

पार्टी नफुट्ने सबैभन्दा सम्भावित बाटो भनेको ओलीलाई तत्काल नेतृत्वबाट हटाउने निर्णय नगर्ने। तर निर्वाचन पराजयको संस्थागत र राजनीतिक जिम्मेवारी स्वीकार गर्ने तथा संगठन सुधारका स्पष्ट कार्यक्रम अघि बढाउने महासचिवको प्रतिवेदनको मूल मर्मलाई ओलीले आत्मसात् गरेर लागू गर्ने सहमति जनाउनु पर्ने। पोखरेल पक्षले उठाएको विशेष महाधिवेशनको विषयलाई अहिले नै 'ओली हटाउने प्रस्ताव' बनाउनुको सट्टा निश्चित समयभित्र महाधिवेशन/प्रतिनिधि परिषद् बैठक गर्ने सहमति निकाल्न सकिन्छ। यसले दुवै पक्षलाई केही ठाउँ दिन्छ। हुन त एमालेभित्रको यो विवाद वास्तवमा केवल निर्वाचन समीक्षा मात्रै होइन, अब एमालेको नेतृत्व कसले र कुन शैलीमा गर्ने भन्ने शक्ति संघर्ष पनि हो। त्यसैले प्रतिवेदनमा सहमति भए पनि नेतृत्वको प्रश्न फेरि उठ्ने सम्भावना एमालेभित्र रहीरहने अवस्था छ। यदि समझदारी भएन भने विवाद केन्द्रीय कमिटी हुँदै महाधिवेशनमा पुग्नेछ। त्यस्तो अवस्थामा दुई धार स्पष्ट रूपमा ध्रुवीकृत हुनेछन् र नेतृत्वको वैधानिकता/जिम्मेवारीबारे निर्णय पार्टीको ठूलो संरचनाबाट खोजिने सम्भावना बढ्ने छ।

एमालेको नेता-कार्यकर्ताहरूले एउटा कुरा स्पष्ट रूपमा बुझ्न आवश्यक छ कि महासचिव पोखरेलको प्रतिवेदनमा असहमति जनाउने रामबहादुर थापाको एमालेमा त्यस्तो हैसियत नै छैन। यो त अध्यक्ष ओलीले पोखरेलको प्रतिवेदन आफ्नो अनुकूल नरहेको थाहा पाएपछि आफ्नो अनुकूल हुने गरी अर्को प्रतिवेदन तयार गर्न ओलीले नै थापालाई लगाएका हुन। रामबहादुर थापा यति चरम अवसरवादी छन् कि उनी ओलीलाई रिझाएर ओलीपछि आफू एमालेको नेतृत्व हत्याउने दाउमा छन्। थापाले एमालेको नेतृत्व हत्याएर प्रचण्डलाई देखाउने र प्रचण्डको पनि अध्यक्ष हुने लालसमा छन्। तर एउटा कुरा महत्वपूर्ण छ कि बादलको प्रतिवेदन आउनु र पोखरेलको प्रतिवेदन अस्वीकार हुनु भनेको विवाद समाधान भएको होइन, बरु विवाद अब खुला राजनीतिक संघर्षको चरणमा पुगेको संकेत हो।

ओलीले २०७५ सालमा प्रधानमन्त्री हुँदा आफ्नो सरकारका विरुद्धमा विरोधीहरूबाट अलि बढी आलोचना र विरोध भएपछि आफ्ना कार्यकर्तालाई सरकारको बचाउ गर्न र विरोधीलाई डटेर सामना गरी प्रतिकारमा उत्रन 'अरिंगाल'जस्तो हुन आग्रह गरेका थिए। वास्तवमा प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीको आग्रहलाई स्विकार्दै केही कार्यकर्ता 'अरिंगाल'जस्ता पनि भए। एमालेका कार्यकर्ता निश्चित विचार र संगठनबाट चल्नुपर्नेमा पार्टी अध्यक्ष ओलीका अन्धभक्त हुन थाले। यसले एमालेमा बिबाद जन्म्यो। एकथरी कार्यकर्ताले ओलीको जयजयकार गर्न थालेपछि ओलीको अहंकार र दम्भको त सीमा नै रहेन। यसले गर्दा एमालेले सत्ताभन्दा बाहिर नेपाली जनतालाई देख्न सकेन। पहिले एमालेको तल्लो तहका भनिएका कार्यकर्ता र आमजनतासँग जस्तो सम्बन्ध थियो, त्यो तिनै 'अरिंगाल'कै कारण टुट्यो। सरकारको नेतृत्व गर्दा सबैभन्दा पछिल्लो कार्यकालमा त ओलीले युवाका आवाज र आक्रोश सुन्नै चाहेनन्।

जेनजी आन्दोलन र विद्रोहका कारण २०८२ को भदौ २४ गते सरकारको नेतृत्व गर्दागर्दै ओली सरकार छोडेर भाग्ने परिस्थिति सिर्जना भयो। वास्तवमा जनता र कार्यकर्ताबाट टाढा भएका ओलीलाई आफैँले तयार गरेका ती 'अरिंगाल'हरूले जोगाउन सकेनन्। ओलीलाई आफ्नै अरिंगालहरूले आफ्नो घेराभन्दा बाहिरको आवाज सुन्न दिएनन्। लोकतान्त्रिक व्यवस्थामा कुनै पनि राजनीति दलमा नीति, नेतृत्व, संगठन, कार्यकर्ता र शुभेच्छुक हुनुपर्नेमा एमाले त 'बा र छोराछोरी'को मात्र संगठन जस्तो बन्यो। नेतृत्वले कार्यकर्ता, शुभेच्छुक, सर्वसाधारण नागरिकका आवाज र पीडा बुझ्न सकेन। पार्टीले आमनागरिकको विश्वास गुमाएपछि संगठन र नेतृत्व कमजोर भयो अनि अरिंगालहरूले पनि छोड्दै जान थाले। स्वार्थी संसारमा हिजो ओलीलाई 'बा' भन्दै भगवान्कै रूप दिएर जयजयकार गर्नेहरू नै आज उनैलाई राक्षस बनाइरहेका छन्। हिजो ओलीको सबैभन्दा धेरै प्रशंसकहरू आज सबैभन्दा विरोधी बनेका छन्।

गज्जबको कुरा त के छ भने, ओलीले विगतमा आफ्नो प्रतिरक्षा गराउनका लागि जसलाई 'अरिंगाल' बनाएका थिए, आज तिनीहरूलाई नै ओलीले 'आवारा' र 'किर्ना'को संज्ञा दिएका छन्। केन्द्र वा सत्ताको वरिपरि बसेर अरिंगालले जुन किसिमले पार्टी वा संगठन बलियो बनाउनुपर्ने थियो, त्यो नगरेको देख्दा उनले हिजोका ती अरिंगाललाई किर्ना भनेर आरोप लगाएका हुन सक्छन्। राजनीतिक दललाई अरिंगाल र किर्नाको घर/गुँड/आश्रयस्थल बनाउँदा एमालेको वैचारिक र सांगठनिक तथा जनविश्वास गुम्दै गएको हो। राजनीतिक दलमा रहेका कार्यकर्तालाई किर्नाजस्तो परनिर्भर बनाइन्छ भने तिनीहरू स्वाभाविक रूपमा अघाइसकेपछि छोडेर जान्छन्। ओली स्वयंले राजनीतिलाई सेवा नभई पेसाजस्तो बनाउँदा उनका केही कार्यकर्ता किर्ना, उपियाँ, जुम्रा जस्ता परजीवी भएका हुन्। सबैले बुझेको तथ्य र सत्य त के हो भने अहिले एमालेभित्र वैचारिक वा सांगठनिक रूपमा जेजस्ता मतभेद र विरोध देखिएका छन्, यसका मुख्य कारक भनेका ओली आफैँ नै हुन् भन्ने दिनको घाम झैँ छर्लङ्गै छ।

# ‘सुशासन र प्रभावकारी सेवा प्रवाहमा जोड दिन्छु’

**मिसन संवाददाता**
*वीरेन्द्रनगर, २९ भदौ*

सुर्खेतका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले जिल्लाको सेवा प्रवाह, सुशासन र शान्ति सुरक्षालाई प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् ।

नयाँ प्रमुख जिल्ला अधिकारीका रूपमा आएपछि उनले पत्रकारहरूसँग परिचयात्मक तथा भेटघाट कार्यक्रम गर्दै यस्तो बताएका हुन् ।

जिल्लास्थित सबै सरकारी कार्यालयबाट प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दै सुशासन कायम गर्न आफूले विशेष जोड दिने उनले बताए ।



यसको सुरुवात जिल्ला प्रशासन कार्यालयबाटै गर्ने उनले प्रतिबद्धतासमेत व्यक्त गरे । जिल्लाको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन आवश्यक रणनीति निर्माण गरी कार्यान्वयन गरिने उनको भनाइ छ ।

‘नागरिकले सुरक्षित वातावरणमा आफ्ना दैनिक गतिविधि सञ्चालन गर्न सक्ने अवस्था निर्माण गर्नु प्रशासनको प्रमुख दायित्व हो,’ उनले भने ‘त्यसैगरी, जिल्लामा सञ्चालन भइरहेका विकास निर्माणका कामलाई प्रभावकारी बनाउन प्रशासनले आवश्यक भूमिका निर्वाह गर्नेछ ।’

विकास निर्माणसँग सम्बन्धित निकायहरूबीच समन्वयलाई थप प्रभावकारी बनाउँदै आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सहजीकरण गरिने सापकोटाले बताए ।

जिल्लाको समग्र विकास, शान्ति सुरक्षा, सेवा प्रवाह र सुशासनका क्षेत्रमा प्रशासन, स्थानीय तह, सरकारी निकाय तथा सञ्चार क्षेत्रबीच सहकार्य र समन्वय आवश्यक रहेकोमा उनले जोड दिए ।

# मैत्रीपुल उद्घाटन गर्न चिनियाँ पक्ष तयार



**मिसन संवाददाता**
*हुम्ला, २९ भदौ*

नेपाल-चीन सीमास्थित हिल्सा नाकामा निर्माण सम्पन्न भएको दुई देशबीचको मैत्रीपुल सञ्चालनमा ल्याउन चिनियाँ पक्षले औपचारिक तयारी पूरा गरेको जनाएको छ ।

पुल निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि उद्घाटन हुन नसकेपछि चीनले नेपाली पक्षलाई तत्काल उद्घाटनको मिति र समय तय गर्न आग्रह गरेको हो ।

चिनियाँ पक्षले पछिल्लो एक महिनादेखि पटक-पटक नेपाली पक्षलाई पुल उद्घाटनका लागि आवश्यक तयारी गर्न आग्रह गर्दै आएको यारी नाका भन्सार कार्यालयका प्रमुख रामराज जैसीले जानकारी दिए ।

उनका अनुसार पुल निर्माण सम्पन्न भएर पनि सञ्चालनमा नआउँदा चीनले आफ्नोतर्फ पुलमा बार लगाएर आवतजावत रोकेको छ भने चिनियाँ पक्षबाट पुल उद्घाटनका लागि नेपाली पक्ष तयार रहन पटक-पटक आग्रह हुँदै आएको छ । नेपालले समय मिलाउनेबित्तिकै उद्घाटनको प्रक्रिया अघि बढाउन सकिने जैसीले बताए ।

‘भन्सार कार्यालयमार्फत चिनियाँ पक्षको आग्रहसम्बन्धी पत्र प्राप्त भएपछि त्यसबारे जिल्ला प्रशासन कार्यालय, सडक विभागलगायत सम्बन्धित निकायलाई जानकारी गराइएको छ,’ उनले भने, ‘पुल सञ्चालनमा आएपछि हिल्सा नाकाबाट हुने दुई देशबीचको व्यापार, स्थानीय आवतजावत तथा सीमापार गतिविधि थप सहज हुने अपेक्षा छ ।’

पुल उद्घाटनका लागि चिनियाँ पक्ष तयार भए पनि नेपाली पक्षबाट मिति र समय तय हुन बाँकी रहेको हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले बताए । उनका अनुसार चीनबाट आएको आग्रहका आधारमा सम्बन्धित निकायसँग समन्वय गरी पुल उद्घाटनको प्रक्रिया अघि बढाइनेछ ।

पछिल्लो समय रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीपहिरो तथा त्यसबाट उत्पन्न विपद्का कारण राज्यको प्राथमिकता त्यतातर्फ केन्द्रित भए पनि अब हिल्सा मैत्रीपुल उद्घाटनलाई समेत प्राथमिकतामा राखेर काम अघि बढ्ने उनको भनाइ छ ।

नेपाल-चीन सीमामा महत्वपूर्ण रणनीतिक तथा व्यापारिक पूर्वाधारका रूपमा हेरिएको मैत्रीपुल गत मङ्सिरमै निर्माण सम्पन्न भएको थियो ।

तर उद्घाटन र सञ्चालनको प्रक्रिया टुंगोमा नपुग्दा निर्माण सम्पन्न भएको पुल प्रयोगविहीन अवस्थामा छ । पुल सञ्चालनमा नआउँदा अहिले हिल्सा क्षेत्रमा आवतजावतका लागि वैकल्पिक संरचनाको प्रयोग गर्नुपर्ने बाध्यता छ ।

नेपालतर्फ निर्माण गरिएको बेलिब्रिजबाट सवारीसाधन सञ्चालन भइरहेका छन् भने स्थानीय बासिन्दा तथा पर्यटकले झोलुङ्गे पुल प्रयोग गरेर सीमा क्षेत्रमा आवतजावत गर्दै आएका छन् । नयाँ मैत्रीपुल सञ्चालनमा आएपछि यस्तो असहजता हट्ने अपेक्षा गरिएको छ ।

मैत्रीपुल सञ्चालनमा आएपछि यसको सबैभन्दा ठूलो प्रभाव नेपाल-चीन व्यापारिक आवागमनमा पर्ने देखिएको छ । यसअघि हिल्सा नाकाबाट चीनले नेपालतर्फ आयातका लागि अनुमति दिए पनि निकासीको विषयमा सीमितता थियो । पछिल्लो समय चीनले नेपालबाट आफ्नोतर्फ वस्तु निकासी गर्न समेत अनुमति दिइसकेको जनाइएको छ ।

पुल सञ्चालनमा आएपछि चिनियाँ भूभागबाट आउने मालवाहक कन्टेनर सिधै पुल हुँदै नेपाली सीमाक्षेत्रसम्म आउन सक्नेछन् । यसले हाल प्रयोग भइरहेको वैकल्पिक मार्ग र संरचनामाथिको निर्भरता घटाउनेछ । त्यसैगरी आवश्यक क्वारेन्टाइन प्रक्रिया पूरा गरेका नेपाली उत्पादनसमेत यही पुलमार्फत चिनियाँ सीमाक्षेत्रतर्फ लैजान सकिने व्यवस्था हुनेछ ।

यसले हुम्लाको हिल्सा नाकालाई आयातको मात्र नभई नेपालबाट चीनतर्फ वस्तु निकासी गर्ने महत्वपूर्ण व्यापारिक नाकाका रूपमा विकास गर्न थप आधार तयार गर्ने अपेक्षा गरिएको छ । पुल सञ्चालनको विषयमा यसअघि पनि नेपाल र चीनका स्थानीय प्रतिनिधिबीच छलफल भएको थियो । गत वैशाख १० गते दुई पक्षबीच भएको छलफलमा पुल सञ्चालन तथा उद्घाटनको विषय उठे पनि त्यसबेला ठोस निर्णय हुन सकेको थिएन ।

त्यसअघि चीनले निर्माण सम्पन्न भएको पुलबारे जानकारी गराउँदै त्यसलाई प्रयोगमा ल्याउन आवश्यक प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय हुम्लालाई पत्राचारसमेत गरेको थियो । चिनियाँ पक्षबाट पटक-पटक आग्रह आउन थालेपछि अहिले भने पुल उद्घाटनको विषय पुनः अघि बढेको हो । मैत्रीपुल निर्माणसँगै चीनले नेपालतर्फ करिब तीन सय मिटर सडकसमेत निर्माण सम्पन्न गरिसकेको छ ।

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Road Infrastructure Development Office
**Libang, Rolpa**

## Invitation for Bids

**IFB No: 01-083/084**
**(First date of Publication: 30th Bhadra, 2083 (15th September 2026)**

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB).
2. Road Infrastructure Development Office, Rolopa invites NCB; only Hard Copy from eligible bidders for following works:
3. Interested and eligible bidders on the submission of a written application, copy of the company/ firm registration certificate and payment receipt of the non-refundable bid document fee to this office, and thereafter purchase the bidding documents and submit sealed hard copy bids within the mentioned timeframe.

| S. N. | Name of Works | Contract ID | Estimated Amount NRs. (Excluding VAT & PS) | Bid Doc.Fees (NRs.) | Bid Security Amt.NRs | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | Khungri Mahendri Aapchaur Motorbato Staronnati, Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-01 | 3,399,353.62 | NRs. 3000.00 | 95,000.00 | NCB |
| 2. | Kilachar - Saladada Kunjari Motorbato Staronnati, Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-02 | 2,977,236.19 | NRs. 3000.00 | 85,000.00 | NCB |
| 3. | Sulichaur Thawang Sadak (Phuliban Uwa Khanda) Uwa Khola Bridge Protaction Works. | RIDO/ROL/W/Ro/ NCB/083/84-03 | 3,400,760.69 | NRs. 3000.00 | 95,000.00 | NCB |
| 4. | Gairakhuti Kuwapatal Liwan -Libang sadak Nirman Rolpa Na.pa 8 Ra 9 Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-04 | 3,851,997.65 | NRs. 3000.00 | 1,10,000.00 | NCB |
| 5. | Guranse Bakchour Iribang dada hundai pachhabang jodne motarbato rolpa paribartan gaa.paa.06 | RIDO/ROL/W/Ro/ NCB/083/84-05 | 2,541,523.14 | NRs. 3000.00 | 70,000.00 | NCB |
| 6. | Shahidmarga mirul thulogaun hundai kaphal dada motorbato nirman thabang 03Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-06 | 2,559,281.11 | NRs. 3000.00 | 70,000.00 | NCB |
| 7. | Tutu-Jaya- Galkot Jodne Motorbato Nirman Thabang Gaa.paa.01 Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-07 | 2,541,454.07 | NRs. 3000.00 | 70,000.00 | NCB |
| 8. | Jhyam Nauli Wot Rolpa Sadsak, Gangadev-03, Jhyam Dekhi Gangadev 01 Samma | RIDO/ROL/W/Ro/ NCB/083/84-08 | 2,118,764.23 | NRs. 3000.00 | 55,000.00 | NCB |
| 9. | Khaula-Dalsenge-Ratamat moterbato Gangadev 4 Rolpa | RIDO/ROL/W/Ro/ NCB/083/84-09 | 2,118,935.30 | NRs. 3000.00 | 55,000.00 | NCB |

| Last Date & Time for purchase of Bid document | Last Date & Time for Bid submission | Date, Time & place of bid opening |
|---|---|---|
| 19th Ashoj 2083 (5th october 2026) ; 05:00 PM | 20th Ashoj 2083 (6th October 2026); 12:00 PM | 20th Ashoj 2083 (6th October 2026); 1:00 PM (Place: -Road Infrastructure Development Office, libang, Rolpa) |

| | |
|---|---|
| Bid security validity period | 30 days beyond Bid Validity period. |
| Bid Validity period | 90 days |
| Date, Time & place of Pre-Bid Meeting | 12th Ashoj 2083 (28st September 2026) 11:00 AM<br>Place: - Road Infrastructure Development Office, Libang Rolpa |
| Account No..for bid document purchase/Bid Fee | Name of Office: Road Infrastructure Development Office, Libang, Rolpa.<br>Name of the Bank: Nepal Bank Limited, Libang, Rolpa<br>Office Code Number: 3370154015<br>Office Account Number: 27402000001001000001 (Rajaswa Khata)<br>Rajaswa Shirshak (revenue) Number: 14229 |
| Account No for bid security deposit (If bidder wishes to submit the Cash Security) | Name of the Bank: Nepal Bank Limited, Libang, Rolpa<br>Name of Office: Road Infrastructure Development Office, Libang, Rolpa.<br>Office Code Number: 3370154015<br>Office Account Number: 07602000002003000001 |

4. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Rolpa Contact No.: 086-440204, Email Address: ridorolpa@gmail.com Website: https://ridorolpa.lumbini.gov.np/
5. Bid must be submitted to the Office; Road Infrastructure Development Office, Rolpa by hand.
6. Bid must be submitted to Road Infrastructure Development Office, Rolpa on or before respective time and date mentioned above. Bids received after this deadline will be rejected.
7. Bidders are required to submit mandatory documents and Letter of Bid in one Sealed Envelope as per the provision of ITB 14 of the Bidding Document.
8. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

# बक्यौता कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/३०**

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको भुक्तानी तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी एवं व्यक्तिगत धनजमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत तहाँहरुले कर्जा नबुझाएको कारण तपाइँहरुले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारीसाधन) धितो सुरक्षणमा प्रवाह भएका कर्जाहरुको हकमा जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री/गैर बैकिङ सम्पत्तिको रुपमा सकार गरी कर्जा खातामा हिसाब मिलान गर्दा समेत सम्पूर्ण कर्जा असुल उपर नभई बक्यौता रहेको र बिना धितो सामूहिक जमानी एवं व्यक्तिगत जमानीको आधारमा प्रवाह भएका कर्जाहरुको हकमा सोही बमोजिमका प्रचलित ऐन कानूनको अधीनमा रही कर्जा असुलीका कारवाही प्रकृया अगाढि बढाई बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गर्न जानकारी गराईएकोमा तहाँहरुले बक्यौता कर्जा भुक्तान नगर्नु भएकोले पुनः बाँकी कर्जा चुक्ता भुक्तान गर्न आउनको लागि तहाँ ऋणी/व्यक्तिगत धनजमानतकर्ताहरुको नाममा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, तहाँ ऋणी तथा व्यक्तिगत धनजमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरिएकोमा तहाँहरुको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश भई सकेको व्यहोरा समेत यसै सूचना मार्फत पुन स्मरण गराईन्छ । यसका साथै कालोसूचीमा समावेश हुन बाँकी ऋणी तथा धनजमानतकर्ताहरु लाई यसै सूचना का आधारमा कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ । तसर्थ, तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत धनजमानकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र बैंकको कुनै पनि शाखा तथा केन्द्रीय कार्यालयमा सम्पर्क गरी तिर्न बुझाउन बाँकी बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, बैंकको बाँकी लेना रकम असुलउपर लागि तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धनजमानीकर्ताहरुको विवरण | शाखा कार्यालय |
|---|---|---|---|
| १. | सरिता परियार, ना.प्र.नं. : ४६१००१/७९१५(कास्की)<br>ठेगाना : पोखरा म.न.पा वडा नं.१६, कास्की | १. शुभाष दमै, ना.प्र.नं. : ११५५१८(कास्की)<br>ठेगाना : पोखरा म.न.पा वडा नं.१६, कास्की | न्यूरोड पोखरा |
| २. | सिता वि.क., ना.प्र.नं. : ४०-०१-७०-०१०८५ (अर्घाखाँची)<br>ठेगाना : हंसपुर-०७,अर्घाखाँची हाल बुद्धभूमि न.पा.वडा नं.०९, कपिलवस्तु | १. गोविन्द बहादुर वि.क., ना.प्र.नं.: ४०-०१-७०-०१०७५(अर्घाखाँची)<br>ठेगानाः हंसपुर-०७,अर्घाखाँची हाल बुद्धभूमि न.पा.वडा नं.०९, कपिलवस्तु | गोरुसिङे |
| ३. | मीना कुमारी पुन, ना.प्र.नं. : २००४५(रुपन्देही)<br>ठेगानाः बसन्तपुर-०८, हाल सिद्धार्थनगर न.पा.वडा नं.१२, रुपन्देही | १. तारा पुन, ना.प्र.नं.: २/३१८४१(रुपन्देही)<br>ठेगाना : बसन्तपुर-०८, हाल सिद्धार्थनगर न.पा.वडा नं.१२, रुपन्देही | भैरहवा |
| ४. | सीता नेपाली ,ना.प्र.नं.: ४६३००१/१३३६(कास्की)<br>ठेगाना : पोखरा म.न.पा वडा नं.१६, कास्की | १. नर बहादुर सार्की, ना.प्र.नं.: १२८७५७ (कास्की)<br>ठेगाना : पोखरा म.न.पा वडा नं.१६, कास्की | न्यूरोड पोखरा |
| ५ | हरी कला ओली ,ना.प्र.नं.: ७७०४(कपिलवस्तु)<br>ठेगाना : महेन्द्रकोट-०३, हाल बुद्धभूमि न.पा वडा नं.०२, कपिलवस्तु | १. शिवराज ओली, ना.प्र.नं.: ३८९६५७ (कपिलवस्तु)<br>ठेगाना : जयनगर-०५,हाल बुद्धभूमि न.पा वडा नं.०२,कपिलवस्तु | गोरुसिङे |
| ६. | रेखा बि.क., ना.प्र.नं. : ३७-०२-७०-००६६९(रुपन्देही)<br>ठेगाना : पर्रोहा-०४,रुपन्देही, हाल बुद्धभूमि न.पा.वडा नं.०९, कपिलवस्तु | १. बल वहादुर कामी, ना.प्र.नं. : ३७-०२-७६-००३९७(रुपन्देही)<br>ठेगाना : सैनामैना-०३,रुपन्देही,हाल बुद्धभूमि न.पा.वडा नं.०९, कपिलवस्तु | गोरुसिङे |
| ७. | हेमा कुमारी राना मगर, ना.प्र.नं. : ३६४७९६९(नवलपरासी)<br>ठेगाना : नयाँवेलहानी-०८, हाल मध्यविन्दु न.पा.वडा नं. १२, नवलपरासी | १. दिप सुर्यवंशी, ना.प्र.नं. : ३६-०२-७४-००२५३(नवलपरासी)<br>ठेगाना : मध्यविन्दु न.पा वडा नं.१०, नवलपरासी<br>२. गिता कुमारी पाठक, ना.प्र.नं. : ३६३०३३/१४५३(नवलपरासी)<br>ठेगाना : नयाँवेलहानी-०८, हाल मध्यविन्दु न.पा.वडा नं.१२, नवलपरासी<br>३. सरस्वतीदेवी मल्ल,ना.प्र.नं. : ७८५२(स्याङजा, ई.प्र.शा.:वालिङ्ग)<br>ठेगाना : वालिङ-०१, परिवर्तित वालिङ न.पा.वडा नं.०९,स्याङजा | दुम्किवास |
| ८. | सिता कुवंर, ना.प्र.नं. : २६६५/२८४८(अर्घाखाँची)<br>ठेगाना : अर्घातोष-०३,अर्घाखाँची, हाल तानसेन न.पा.वडा नं.०१,पाल्पा | १. अनुपा कुवंर, ना.प्र.नं. : ४०१००५/१०६९(अर्घाखाँची)<br>ठेगाना : अर्घातोष-०३,अर्घाखाँची, हाल तानसेन न.पा.वडा नं.०१, पाल्पा | पाल्पा |
| ९. | सन्तु राना, ना.प्र.नं. : ३७३०३६/८७९(रुपन्देही)<br>ठेगाना : दुधराक्ष-०२, हाल सैनामैना न.पा.वडा नं.०९, रुपन्देही | १. देउ माया थापा, ना.प्र.नं.: १४२(नवलपरासी)<br>ठेगानाः वि.सु.-०८,नवलपरासी, हाल सैनामैना न.पा.वडा नं.०९, रुपन्देही | सालझण्डी |
| १०. | मन माया गुरुङ, ना.प्र.नं. : ४५-०१-६९-००३१४(लमजुङ)<br>ठेगाना : बाँझाखेत-०६,लमजुङ्ग, हाल भानु न.पा.वडा नं. ०८, तनहुँ | १. कुमारी शाही, ना.प्र.नं. : २६१/६२२४०(धादिङ्ग)<br>ठेगाना : चैनपुर-०६,धादिङ, हाल भानु न.पा. वडा नं.०८, तनहुँ | बाइशजागर |
| ११. | आरती हरिजन, ना.प्र.नं.: ३६-०१-७१-०१४२८(नवलपरासी)<br>ठेगानाः रामनगर-०९, हाल सुनवल न.पा.वडा नं.१२, नवलपरासी | १. सरोज हरिजन, ना.प्र.नं.: ८६२१९(नवलपरासी)<br>ठेगाना : रामनगर-०९, हाल सुनवल न.पा.वडा नं.१२, नवलपरासी | परासी |
| १२. | मीना थापा, ना.प्र.नं. : ११२०४(रुपन्देही)<br>ठेगानाः सिद्धार्थनगर-०७,हाल सिद्धार्थनगर न.पा वडा नं. १२,रुपन्देही | १. राम बहादुर थापा मगर, ना.प्र.नं.: २८६(कपिलवस्तु)<br>ठेगाना : सिद्धार्थनगर न.पा वडा नं.१२,रुपन्देही | भैरहवा |
| १३. | चन्द्र देवी कनौजे, ना.प्र.नं.: ७५६७७(पाल्पा)<br>ठेगाना : कसेनी-०५,हाल तानसेन न.पा वडा नं.०२,पाल्पा | १. मान बहादुर कनौजे, ना.प्र.नं.: ७३८७२(पाल्पा)<br>ठेगाना : कसेनी-०५,हाल तानसेन न.पा वडा नं.०२,पाल्पा | पाल्पा |
| १४. | जानका पौडेल, ना.प्र.नं.: ३७३०३६/२८(रुपन्देही)<br>ठेगानाः दुधराक्ष-०९, हाल सैनामैना न.पा.वडा नं.०९, रुपन्देही | १. लक्ष्मी घिमिरे, ना.प्र.नं.: ३७३०३६/८(रुपन्देही)<br>ठेगाना : दुधराक्ष-०९, हाल सैनामैना न.पा.वडा नं.०९,रुपन्देही | सालझण्डी |
| १५. | गौरा देवी अधिकारी, ना.प्र.नं.: ४००/१०६८(अर्घाखाँची)<br>ठेगाना : ठाडा-०३, अर्घाखाँची हाल शिवराज न.पा वडा नं.०५, कपिलवस्तु | १. मोहन अधिकारी, ना.प्र.नं.: ५६१२/२७४४(अर्घाखाँची)<br>ठेगाना : ठाडा-०३, अर्घाखाँची हाल शिवराज न.पा वडा नं.०५, कपिलवस्तु<br>२. सान्ता अधिकारी, ना.प्र.नं.: ४०-०१-७२-०१८१५(अर्घाखाँची)<br>ठेगाना : ठाडा-०३, अर्घाखाँची हाल शिवराज न.पा वडा नं.०५, कपिलवस्तु | ठाडा |
| १६. | शिव कुमारी केवट, ना.प्र.नं.:३६३०३८/१३८०(नवलपरासी)<br>ठेगाना : सुनवल न.पा.वडा नं.१२, नवलपरासी | १. दुखिया केवट, ना.प्र.नं.: ४२५१०(नवलपरासी)<br>ठेगाना : रामनगर-०८, हाल सुनवल न.पा.वडा नं.१२,नवलपरासी | परासी |
| १७. | मिना गुरुङ्ग (तमाङ्ग), ना.प्र.नं.: ४३२०१७/२३५(तनहुँ)<br>ठेगाना : पुर्कोट-०७, हाल भानु न.पा. वडा नं.०८, तनहुँ | १. कुमारी शाही, ना.प्र.नं.: २६१/६२२४०(धादिङ्ग)<br>ठेगाना : चैनपुर-०६, हाल भानु न.पा. वडा नं.०८, तनहुँ | बाइशजागर |
| १८. | अनिता सुनार, ना.प्र.नं.: ४६१०११/७५(कास्की)<br>ठेगाना :भलाम-०५,हाल पोखरा म.न.पा.वडा नं.१६, कास्की | | दिप |
| १९. | सरीफुन निशा, ना.प्र.नं.: १०२३/१४६९५(रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं. ०८,रुपन्देही | १. शमसेर अली फकीर, ना.प्र.नं.: १५४७८(रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०८, रुपन्देही | भैरहवा |
| २०. | मनसरी थापा, ना.प्र.नं. : ८८६ (पाल्पा)<br>ठेगानाः भक्तपुर-१७, भक्तपुर,हाल तानसेन न.पा.वडा नं. १५,पाल्पा | १. तारा बहादुर थापा, ना.प्र.नं. : ३३९८(भक्तपुर)<br>ठेगाना : भक्तपुर-१७, भक्तपुर,हाल तानसेन न.पा.वडा नं.१५,पाल्पा | पाल्पा |
| २१. | रक्षा देवी भुसाल, ना.प्र.नं.: १८४००(रुपन्देही)<br>ठेगाना : दयानगर-०५, हाल तानसेन न.पा.वडा नं.०२, पाल्पा | १. भगवती देवी सारु, ना.प्र.नं.: १२७७(पाल्पा)<br>ठेगाना : अर्गली-०७, हाल तानसेन न.पा.वडा नं.०२,पाल्पा | पाल्पा |
| २२. | माया कुमारी गुप्ता, ना.प्र.नं.: ३७१०२३/४८५६४(रुपन्देही)<br>ठेगाना :सिद्धार्थनगर-१३,हाल सिद्धार्थनगर न.पा वडा नं. ०५,रुपन्देही | १. बृजेश कुमार गुप्ता ,ना.प्र.नं.: १३१/४९१८(दाङ)<br>ठेगाना : कोइलाबास-०८, दाङ, हाल सिद्धार्थनगर न.पा वडा नं. ०५,रुपन्देही | भैरहवा |
| २३. | शोभा चन्द (सिंह ठकुरी), ना.प्र.नं.: १०६६७७ (कास्की)<br>ठेगाना : पोखरा-१०, हाल पोखरा म.न.पा. वडा नं.१०, कास्की | १. प्रमीला सिहं, ना.प्र.नं.: १७९६ (कास्की)<br>ठेगाना : पडसरी-०९,रुपन्देही, हाल पोखरा म.न.पा.वडा नं.१०, कास्की | अमरसिंह |
| २४. | भुमिका तिवारी, ना.प्र.नं.: ३७-०२-७१-१६०९७ (रुपन्देही)<br>ठेगाना : देवदह-०१,हाल देवदह न.पा.वडा नं.०२ रुपन्देही | १. धना पौडेल, ना.प्र.नं.: ३७-०१-६९-०४८१३(रुपन्देही)<br>ठेगाना : केरवानी-०२, हाल देवदह न.पा वडा नं.०२, रुपन्देही | खैरेनी |
| २५. | सत्य देवी गुरुङ्ग, ना.प्र.नं.: २०६७ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर-०५,हाल सिद्धार्थनगर न.पा.वडा नं.१२, रुपन्देही | १. मीनमाया गुरुङ्ग, ना.प्र.नं.: ११००६९(रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०४,रुपन्देही | भैरहवा |
| २६. | पार्वती परियार, ना.प्र.नं.: ४५१०११/२०५१६(लमजुङ)<br>ठेगानाः चण्डीस्थान-०५, लमजुङ, हाल भानु न.पा.वडा नं.०१, तनहुँ | १. रिता कुवर, ना.प्र.नं : ६१२८७ (लमजुङ)<br>ठेगाना : सुन्दरबजार-०२, लमजुङ, हाल भानु न.पा.वडा नं.०९, तनहुँ | बाइशजागर |
| २७. | मिना कार्की, ना.प्र.नं.: ४३१०१९/१५९७ (तनहुँ)<br>ठेगाना : भानु न.पा.वडा नं.०५, तनहुँ | १. समिर कुमार कार्की, ना.प्र.नं.: ६४६८० (तनहुँ)<br>ठेगाना : भानु न.पा.वडा नं.०५, तनहुँ | बाइशजागर |
| २८. | मुवारखी नेसा, ना.प्र.नं.: ३६३०३८/१६९२ (नवलपरासी)<br>ठेगाना : रामनगर-०९, हाल सुनवल न.पा.वडा नं.१२, नवलपरासी | १. सरिफुन नेशा, ना.प्र.नं.: ३६३०४०/३४६ (नवलपरासी)<br>ठेगाना : कुदिया-०५, हाल सुनवल न.पा.वडा नं.१२, नवलपरासी | परासी |
| २९. | अम्बिका देवान फकिर, ना.प्र.नं.: ३७१०१०/१/२३००२(रुपन्देही)<br>ठेगाना : पोखरभिन्डी-०१,रुपन्देही हाल सुनवल न.पा वडा नं.०४, नवलपरासी | १. बदरु दोजा फकीर, ना.प्र.नं.: ९/१५७ (रुपन्देही)<br>ठेगाना : पोखरभिन्डी-०१,रुपन्देही हाल सुनवल न.पा वडा नं.०४,नवलपरासी | खैरेनी |
| ३०. | जमुना कुमारी महतो, ना.प्र.नं.:३६३०२५/१९८(नवलपरासी)<br>ठेगाना : अग्यौली-०७, हाल सरावल गा.पा वडा नं.०२, नवलपरासी | १. गणेश कुमार थारु, ना.प्र.नं.: ८१९५६ (नवलपरासी)<br>ठेगाना : मनरी-०६, हाल सरावल गा.पा वडा नं.०२, नवलपरासी | परासी |
| ३१. | अन्जु मल्ल, ना.प्र.नं.: ५०४०१ (नवलपरासी)<br>ठेगाना : माकर-०४, नवलपरासी हाल सिद्धार्थनगर न.पा. वडा नं.०१,रुपन्देही | १. अष्मीता शाही, ना.प्र.नं.: ३७-०१-६९-०६६५५ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर-१३,हाल सिद्धार्थनगर न.पा.वडा नं.०१,रुपन्देही | भैरहवा |
| ३२. | गुलाब कली थारु, ना.प्र.नं.:३६-०१-७२-०६०६६(नवलपरासी)<br>ठेगाना : मनरी-०६, हाल सरावल गा.पा वडा नं.०२, नवलपरासी | १. राज कुमारी भर, ना.प्र.नं.: ३६३०६०/५८७ (नवलपरासी)<br>ठेगाना : मनरी-०६, हाल सरावल गा.पा वडा नं.०२, नवलपरासी | परासी |
| ३३. | ममता मिश्र, ना.प्र.नं.: ३७३०३२/०२ (रुपन्देही)<br>ठेगाना : हर्नैया-०९, हाल सिद्धार्थनगर न.पा.वडा नं.०८, रुपन्देही | १. तुलसा मिश्रा (क्षेत्री), ना.प्र.नं.: ३७१०३४/१९६७० (रुपन्देही)<br>ठेगाना : हर्नैया-०९, हाल सिद्धार्थनगर न.पा.वडा नं.०८,रुपन्देही<br>२. मोमिना खातुन, ना.प्र.नं. : २३१४६ (रुपन्देही)<br>ठेगाना : सि.न.पा. वडा नं.०८,रुपन्देही<br>३. सरीफुन निशा, ना.प्र.नं. : १०२३/१४६९५ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं.०८,रुपन्देही | भैरहवा |
| ३४. | मोमिना खातुन, ना.प्र.नं.: २३१४६ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०८,रुपन्देही | १. तैयव अलि मुसलमान, ना.प्र.नं.: २/३३९९ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०८,रुपन्देही<br>२. ममता मिश्र, ना.प्र.नं.: ३७३०३२/०२ (रुपन्देही)<br>ठेगाना : हर्नैया-०९, हाल सिद्धार्थनगर न.पा.वडा नं.०८,रुपन्देही<br>३. अलीमुन निसा फकिर, ना.प्र.नं.: ३७१०२३/९२९८(रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं.०८,रुपन्देही | भैरहवा |
| ३५. | कविता कार्की, ना.प्र.नं. : ३७१०२३/३३११४ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.१२,रुपन्देही | १. प्रकाश कार्की, ना.प्र.नं.: ११३१५ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर-०७,हाल सिद्धार्थनगर न.पा.वडा नं.१२, रुपन्देही | भैरहवा |
| ३६. | यानु गुरुङ्ग, ना.प्र.नं.: ३७-०१-७३-०९८७० (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०२,रुपन्देही | १. सन्त राज गुरुङ्ग ,ना.प्र.नं.: ६८१४ (तनहुँ)<br>ठेगाना : मिर्लुङ-०९, तनहुँ हाल सिद्धार्थनगर न.पा.वडा नं.०२, रुपन्देही | भैरहवा |
| ३७. | अर्चना श्रेष्ठ, ना.प्र.नं.: ३६२०३३/९६६२ (नवलपरासी)<br>ठेगाना :नयावेलाहानी-०८ हाल मध्यविन्दु न.पा.वडा नं.१०, नवलपरासी | १. खिम वहादुर श्रेष्ठ ,ना.प्र.नं.: १२८८२४१५ (धनुषा)<br>ठेगाना : नयावेलाहानी-०८ हाल मध्यविन्दु न.पा.वडा नं.१०, नवलपरासी | दुम्किवास |
| ३८. | रत्न सुनखरी, ना.प्र.नं. : ३७३०३७/९७२ (रुपन्देही)<br>ठेगाना : रुद्रपुर-०५, हाल कञ्चन गा.पा.वडा नं. ०४, रुपन्देही | १. दुर्गा बहादुर सुनखरी थापा मगर, ना.प्र.नं.: ७६९० (ई.प्र.शा. बुटवल)<br>ठेगाना : रुद्रपुर-०४, हाल कञ्चन गा.पा.वडा नं. ०४, रुपन्देही | सालझण्डी |
| ३९. | सरिता शाही, ना.प्र.नं.: ३७१०२३/२/३३९६५ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.१३, रुपन्देही | १. पदमा शाही, ना.प्र.नं.: ३७-०१-७४-०९२०७ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.१३, रुपन्देही | भैरहवा |
| ४०. | मनिषा मल्लाह, ना.प्र.नं.: ३७१०२३/६९४० (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.१३, रुपन्देही | १. खजान्ची प्रसाद मल्लाह, ना.प्र.नं.: ३७-०१-८१-०४६९८ (रुपन्देही)<br>ठेगाना : भैरहवा-०६,हाल सिद्धार्थनगर न.पा.वडा नं.१३, रुपन्देही | भैरहवा |
| ४१. | धनीसरा घर्ती, ना.प्र.नं.: ३९-०१-७४-०२०६० (पाल्पा)<br>ठेगाना :पुर्वखोला-०२,हाल तानसेन न.पा.वडा नं.०६, पाल्पा | १. योगेन्द्र घर्ती, ना.प्र.नं.: ३९१०२०/५३२ (पाल्पा)<br>ठेगाना : जल्पा-०२, हाल तानसेन न.पा.वडा नं.०६,पाल्पा | पाल्पा |
| ४२. | पैमा देबी गुरुङ्ग, ना.प्र.नं.: १५८ (कास्की)<br>ठेगाना : रुपाकोट-०३,हाल रुपा गा.पा वडा नं.०६, कास्की | १. सुजन गुरुङ, ना.प्र.नं.: ४६-०२-७५-०२४१३ (कास्की)<br>ठेगाना : रुपा गा.पा वडा नं.०६, कास्की | अमरसिंह |
| ४३. | मन्जु मल्ल, ना.प्र.नं.: १०२६५ (रुपन्देही)<br>ठेगाना : नयाँगाउ-०७,गुल्मी हाल सिद्धार्थनगर न.पा वडा नं.१२, रुपन्देही | १. अन्जु मल्ल, ना.प्र.नं.: ५०४०१ (नवलपरासी)<br>ठेगाना : माकर-०४, नवलपरासी हाल सिद्धार्थनगर न.पा.वडा नं. ०१,रुपन्देही | भैरहवा |
| ४४. | कमला श्रेष्ठ, ना.प्र.नं.: २/१६९११ (रुपन्देही)<br>ठेगाना : सिद्धार्थनगर न.पा वडा नं.०५, रुपन्देही | १. मन्जु मल्ल, ना.प्र.नं.: १०२६५ (रुपन्देही)<br>ठेगाना : नयाँगाउ-०७,गुल्मी हाल सिद्धार्थनगर न.पा वडा नं.१२, रुपन्देही | भैरहवा |
| ४५. | कमला वि.क., ना.प्र.नं.: ५२-०१-७४-०१७०० (दाङ)<br>ठेगाना : घोराही-०८, हाल घोराही उ.म.न.पा.वडा नं.१३, दाङ | १. कमल वि.क., ना.प्र.नं.: ५२-०१-७१-०४८०० (दाङ)<br>ठेगाना : घोराही-११, हाल घोराही उ.म.न.पा.वडा नं.१३, दाङ | घोराही |
| ४६. | जानकी कुमारी भण्डारी, ना.प्र.नं.: ५५१२५६५ (सल्यान)<br>ठेगाना : कोटबारा-०७,सल्यान हाल घोराही उ.म.न.पा.वडा नं.१५, दाङ | १. अनु डाँगी, ना.प्र.नं.: ५२-०१-७०-०२७३३ (दाङ)<br>ठेगाना : घोराही-०९, हाल घोराही उ.म.न.पा.वडा नं.१५, दाङ | घोराही |
| ४७. | लक्ष्मी आचार्य, ना.प्र.नं.: ५२-०१-७०-०२८६५ (दाङ)<br>ठेगानाः नारायणपुर-०१, हाल घोराही उ.म.न.पा.वडा नं.१०,दाङ | १. पशुपती आचार्य, ना.प्र.नं.: ४६७४ (रोल्पा)<br>ठेगाना : लिवाङ-०६, रोल्पा हाल घोराही उ.म.न.पा.वडा नं.१०, दाङ | घोराही |
| ४८. | दिल माया राना, ना.प्र.नं.: ३७३५२६५ (रुपन्देही)<br>ठेगानाः सालझण्डी-०३,हाल सैनामैना न.पा.वडा नं.१०, रुपन्देही | १. विष्णु माया राना, ना.प्र.नं.: ३७-०२-७६-०४९५३ (रुपन्देही)<br>ठेगाना : सैनामैना न.पा.वडा नं.१०,रुपन्देही | सालझण्डी |
| ४९. | रिता मिजार, ना.प्र.नं.: ५२२०२६/४३३५ (दाङ)<br>ठेगाना : मानपुर-०३, हाल घोराही उ.म.न.पा.वडा नं.१५, दाङ | १. दिपेन्द्र रुचाल (नेपाली), ना.प्र.नं.: ६०००/२२७६ (दाङ)<br>ठेगाना : त्रि.न.-११, हाल घोराही उ.म.न.पा.वडा नं.१५, दाङ | घोराही |
| ५०. | आइतीमाया गुरुङ्ग, ना.प्र.नं.: ४६३०२७/१५० (कास्की)<br>ठेगाना : रुपाकोट-०३, हाल रुपा गा.पा वडा नं ०६, कास्की | १. सुनिल गुरुङ्ग, ना.प्र.नं.: ४६-११-७६-०००३७ (कास्की)<br>ठेगाना : रुपा गा.पा वडा नं.०६, कास्की | अमरसिंह |
| ५१. | सीतादेवी गुरुङ्ग, ना.प्र.नं.: १५१७२१ (कास्की)<br>ठेगाना : रुपाकोट-०३,हाल पोखरा म.न.पा वडा नं २७, कास्की | १. सुरविर गुरुङ्ग, ना.प्र.नं.: १६२९(४४९) (कास्की)<br>ठेगाना : रुपाकोट-०१,हाल पोखरा म.न.पा. वडा नं २७, कास्की | अमरसिंह |
| ५२. | रेनुका थारु, ना.प्र.नं.: ३७-०२-७३-०२१३३ (रुपन्देही)<br>ठेगाना : ख.बनगाई-०५,हाल सिद्धार्थनगर न.पा वडा नं.०६, रुपन्देही | १. धर्मदेव राज थारु, ना.प्र.नं.: २००१२ (रुपन्देही)<br>ठेगाना : ख.बनगाई-०५,हाल सिद्धार्थनगर न.पा वडा नं.०६, रुपन्देही | भैरहवा |
| ५३. | श्रीमति पिमा कुमारी खत्री, ना.प्र.नं.:१९४३५/३१५९ (दाङ)<br>ठेगाना : हापुर-०३, हाल घोराही उ.म.न.पा.वडा नं.०९,दाङ | १. अम्मर बहादुर खत्री, ना.प्र.नं.: ५२-०१-७३-०६८४३ (दाङ)<br>ठेगाना : घोराही उ.म.न.पा वडा नं.०९, दाङ | घोराही |
| ५४. | सती थारु, ना.प्र.नं.: ३६-०१-७०-१५९७७ (नवलपरासी)<br>ठेगाना : मनरी-०६, हाल सरावल गा.पा.वडा नं.०२, नवलपरासी | १. सावित्री चौधरी, ना.प्र.नं.: ५३४६७ (नवलपरासी)<br>ठेगाना : मनरी-०६, हाल सरावल गा.पा.वडा नं.०२, नवलपरासी<br>२. जानकी देवी राजभर, ना.प्र.नं.: ३६३०६०/४९९ (नवलपरासी)<br>ठेगाना : सरावल गा.पा. वडा नं.०२, नवलपरासी | परासी |
| ५५. | प्रियसी वि.क.श्रमकोटी, ना.प्र.नं.:३७-०२-७४-१०६१४(रुपन्देही)<br>ठेगाना : देवदह न.पा वडा नं.०२,रुपन्देही | १. केशव कुमार श्रमकोटी, ना.प्र.नं.: ३९१०६५/३४४ (पाल्पा)<br>ठेगाना : हेकलाङ्ग-०५, पाल्पा हाल देवदह न.पा वडा नं.०२,रुपन्देही | खैरेनी |
| ५६. | दुर्गा बस्नेत, ना.प्र.नं.: १७९१७४ (कञ्चनपुर)<br>ठेगाना : श्रिपुर-०४, कञ्चनपुर हाल सिद्धार्थनगर न.पा वडा नं.०८,रुपन्देही | १. मीना कुमारी पुन, ना.प्र.नं.: १००४५ (रुपन्देही)<br>ठेगाना : बसन्तपुर-०८,हाल सिद्धार्थनगर न.पा वडा नं.१२,रुपन्देही | भैरहवा |
| ५७. | पूर्णा श्रीस(पुन), ना.प्र.नं.: ३७-०१-७३-०१५६७ (रुपन्देही)<br>ठेगाना : बसन्तपुर-०८, हाल सिद्धार्थनगर न.पा वडा नं.१२, रुपन्देही | १. तारा पुन, ना.प्र.नं.: २/३१८४१ (रुपन्देही)<br>ठेगाना : बसन्तपुर-०८,हाल सिद्धार्थनगर न.पा वडा नं.१२,रुपन्देही | भैरहवा |
| ५८. | निलम वि.क., ना.प्र.नं.: ५२-०१-७५-०२९२४ (दाङ)<br>ठेगाना : घोराही-१४, हाल घोराही उ.म.न.पा.वडा नं.१३, दाङ | १. संजय वि.क., ना.प्र.नं.: ५२-०१-७४-००३१७ (दाङ)<br>ठेगाना : घोराही-१४, हाल घोराही उ.म.न.पा. वडा नं.१३, दाङ | घोराही |
| ५९. | सुन कुमारी गुरुङ, ना.प्र.नं.:४६-०१-७१-००९४२(कास्की)<br>ठेगाना : लेखनाथ-०२, हाल पोखरा म.न.पा.वडा नं.०१, कास्की | १. प्रसंशा गुरुङ, ना.प्र.नं.: ४६-०१-७१-००९२१ (कास्की)<br>ठेगाना : लेखनाथ-०२, हाल पोखरा म.न.पा.वडा नं.०१, कास्की | दिप |
